# लेखापरीक्षण प्रतिवेदन

# सभापोखरी गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सभापोखरी गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/358

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

## कैफियतसहितको राय

हामीले सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.४करोड ५३ लाख ६९ हजार, स्थानीय तथा प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रमको रु.१२ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६ लाख ४० हजार र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ३३ लाख २ हजार समेत गरी रु.६ करोड ५ लाख ११ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.७५ करोड ९ लाख ३१ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड ६८ लाख २९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२ लाख को प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.११ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७८ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७६ लाख ८१ हजार, र पेस्की बाँकी शून्य रहेको छ। गत वर्षसम्म रु.९ करोड ७६ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ४२ लाख ४९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु

स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सभापोखरी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **सभापोखरी गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०४ | १२८ | ३६८२८७७१ | ० | १८ | २००४४३ | ० | १०४ | ११० | ३६६२८३२८ | ११०९९८५ | १७६८१२४८ | १७८३७०९५ | ० | ० | ३५५१८३४३ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | ९७६२१००० | ० | ० | ९७६२१००० | ० | ३६६२८३२८ | १३४२४९३२८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ९९.३ | पर्यटन कोषतर्फ: | १४४००.० |
| २ | २०८०/८१ | ७७.२ | निशुल्क पाठ्यपुस्तक | २२७०३.० |
| ३ | २०८०/८१ | ५२.४/५२.६ | धुपुखोला देउराली सडक ढलान कार्य | ४९७२९.० |
| ४ | २०८०/८१ | ११५ | धरौटी फिर्ता | ९२९७७.० |
| ५ | २०८०/८१ | ८८ | ज्यावल खरिद तथा दरविश्लेषण | २०६३४.० |

# (८०१०४५०४३०० - सभापोखरी गाउँपालिका, संखुवासभा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०५ देखि २०८०।०५।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विभिन्न कारोवारको रु ७५,०९,३१,०४२।८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

३ **सुत्रमा कारोबार**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु४५३६९४६७।५६, स्थानीय तथा प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रमको रु १२००००० , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ६४००००र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १३३०१९०८ समेत गरी रु ६०५११३७५।५६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु ३४२२२ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग २.१चालू खर्च खाता विजोर बर्ष | 31800 | 0.00 | अनुसुची २४ मा मात्र फरक देखिएको तर बैक नगदी कितावमा फरक नरहेको |
| २ | ग २.३पूँजिगत खर्च खाता विजोर बर्ष | २४२२ | 0.00 | |
| | | | | प्रमाण पेश नगरेको ३४,२२२ |

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७0) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय यस वर्षको प्राप्ति रु. ८४७४३८८३ र यस वर्षको भुक्तानी रु. ८१२४३३४१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २९०४७७५१९ | २९४४६४१०४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३६३५४८४१९ | ३७५७०९९०३ |
| फरक | ७३०७०९०० | ८१२४५७९९ |

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु ३६ करोड ५६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२७ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेटवाट स्विकृत भएका योजनाहरु आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ७ योजना तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ४० | २०३० |
| २ | रु १ लाख देखि पाँच लाख सम्मका योजना | ७४ | १४०५० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १८ | १०९५२ |
| ४ | रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | १२ | १९३५७.८७ |
| ५ | रु.५० लाख भन्दा माथीका | ५ | १४७३९७.३६ |
| | जम्मा | १४९ | १९३७८७.२३ |

## ८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली प्रकृतीका साना साना विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १० कोषहरु

पालिकामा रहेका कोषहरुको जिम्मेवारी खर्च र मौद्जात अवस्था निम्नाअनुसार रहेको छ । पालिकाले धरौटी आम्दानी खर्चको विवरण मलेप २७० मा समावेश गरेको पाईएन । सबै कोष धरौटी खाता सुत्रमा समावेश हुनु पर्दछ ।

| (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
| प्रकोप व्यवस्थापन कोष | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७६ | ३९४०.५७ | ०. | १६१२.२२ | २३२८.३५ |
| मर्मत संभार खर्च खाता | मर्मत संभार कोष कार्यविधी २०७५, मर्मत संभार कोष सञ्चालन निर्देशिका २०७६ | | | | |
| अपाङ्गता रोकथाम तथा पुन निर्माण खर्च | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७ | | | | |
| विविध खर्च खाता | फार्मेशी सेवा सञ्चालन कार्यविधी २०८० | २२५.३१ | ७५७८.०९ | ६७९४.०८ | १००९.३२ |
| विविध कोष खाता | लैगिक हिंसा निवारण कार्यविधी २०८१ | ५०५.९१ | ५०. | ०. | ५५५.९१ |

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। प्रभावकारी आन्तरिक नियन्त्रणको अभावमा कार्यालयको सेवा प्रवाह कार्यसम्पादन स्तर सम्पती संरक्षण र व्यवस्थापन तथा सार्वजनिक कोषको मितव्ययी प्रयोग हुने सुनिश्चितितामा जोखिम रहेको पाईयो । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ •**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा यस्तो तथ्याङ्क संकलन गरि अभिलेख गरेको पाईएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

- साना साना योजन संचालन गरी दिर्घकालिन योजना संचालनमा प्राथमितकता नदिएको ।
- लागत अनुमान तयार गर्दा किफायती नर्म्स प्रयोग नगरेको

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको।

**खरिद व्यवस्थापन तर्फ•**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नगरेको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरे नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरे नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेको विषयमा समय र गुणस्तको कार्यर्य गर्न आवस्यक पत्रचार सुचाना जारी नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको ।

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको, ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरे नगरेको

**कार्यालय व्यवस्थापन तर्फ**

• कार्यालयमा प्राप्त भएका सबै पत्र दर्ता गर्ने नगरेको दर्ता चलानी किताब सिलसिलेवार नरहेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• ठेक्का अभिलेख खाता तथा योजना अभिलेख खाता नराखेको ।

• स्थानीय सरकार संचालन ऐन२०७४ को दफा बमोजिम पालिकावाट हुने अनुगमन प्रतिवेदनमा अनुगमनवाट देखिएको विस्तृत विवरण नखुलाएको ।

• जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९९(१ ) अनुसारको प्रतिवेदन नगरेको ।

• गत विगतमा खरिद भएका तथा यस बर्ष समेत वडा कार्यालयवाट खरिद भएका सबै सामान PAMS मा दाखिलन नभएको ।

लगायतका व्यहोरा लेखापरीक्षणाको क्रममा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १२ अनुदान प्राप्ती र फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण(सुत्रको अनुसुचि १२ र २१)अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा गो भौ न ९५, मिति २०८१।०३।२९ मा फिर्ता गरेको छ

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १२७०४८००० | ११७०१६८९१ | १००३११०९ |
| | विषेश | १४६५००० | १४६५००० | ० |
| | समपुरक | ६०६३४४३ | ६०६३४४३ | ० |
| प्रदेश सरकार | शसर्त | १६६६००० | १६०७९२२ | ५८०७८ |
| | समपुरक | ५६३०३३८ | ५६३०३३८ | ० |
| जम्मा | | १४१८७२७८१ | १३१७८३५९४ | १००८९१८७ |

## १३ नापी किताव

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ ।यसै गरी सरकारी कागजात स्विकृत म.ले.प.फारममा तोकिएको ढाँचमा राख्नु पर्ने र निर्माण कार्यको नाँपजाँचका लागी स्विकृत म.ले.प फारम न ५०३ को कार्य विवरण खण्डमा अघिल्लो नापीवाट कायम भएको परीमाण,यस नापीको आयतन र परीमाण अध्यावधिक परीमाण लगायत खुलाउनु पर्ने छ । तर कार्यालयले निर्माण कार्यको रनिङ्ग बिलको नापीकितावमा हाल भएको कार्य मात्र उल्लेख गरेको, अघिल्लो नापीवाट कायम भएको परीमाण नखुलाएको तथा अन्तिम बिल भुक्तानी गर्दा समेत हाल सम्मको नापी परीमाण नखुलाई अन्तिम बिलको कार्य परीमाण मात्र खुलाई नापँजाँच गरेकोले कार्यालय द्वारा तयार गरेको नापी किताव,सोका आधारमा तयार भएका प्राविधिक बिल तथा कार्यसम्पन्न/स्विकार प्रतिवेदनले वास्तविक कार्य परीमाण देखाएको भन्ने यकिन गर्न सकिएन । यस्तो कार्यमा सुधार गरी तोकिएको ढाँचामा नापीकिताब तयार गर्नु पर्दछ ।

## १४ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## १५ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ५८,३४,१७९.०९ राजस्व बाँडफाँड र अनुदानबाट रु ३२,७२,३४,०८१।९६ समेत रु ३३,३०,६८,२६०।९३ आम्दानी भएकोमा चालु तर्फ रु २०,९८,७४,९७७।९ र पूँजिगत तर्फ रु ९,४६,८०,७३५ समेत रु ३०,४५,५५,७१२।९० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५१,१२,००० खर्च भएको छ जुन आन्तरिक आयको ८७.६२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत चालु र २९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरिक्षण शाखा गठन नभएकोले पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आन्तरिक लेखापरिक्षण शाखा गठन तथा पदपूर्ति गरि आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १७ चौमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| जम्मा खर्च | प्रथम चौमासिक | | दोश्रोचौमासिक | | तेस्रोचौमासिक | | अषाढ महिना | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | प्रतिशत | खर्च | प्रतिशत | खर्च | प्रतिशत | खर्च | प्रतिशत |
| ९,२६,७५,७१३ | १,४६,७७,३३७ | १५.८४ | २,६६,३८,२५२ | २८.७ | ५,१३,६०,१२४ | ५५.४२ | २१६१५६१५ | २३.२३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१३,१०,५०,२९६.२१ निकासा भएकोमा प्रथम चौमासिक मा रु. १,४६,७७,३३७(१५.८४ प्रतिशत), दोस्रो चौमासिक रु. २,६६,३८,२५२(२८.७ प्रतिशत) र तेस्रो चौमासिक रु ५,१३,६०,१२४ (५५.४२ प्रतिशत) खर्च देखिनुले तेस्रो चौमासिक आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।

स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

माथि उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येसामाजिक बिकासमा सबैभन्दा बढी४८.७५प्रतिशत र संस्थागत विकास र सेवा प्रवाहमा सबै भन्दा घटी १.२२ प्रतिशत रहेको छ भने वातावरण विपद् ब्यवस्थापन र वित्तीय ब्यवस्थापन बजेट बिनियोजन गरेको छैन । सबै क्षेत्रमा आवस्यकता अनुसार बजेट बिनीयोजन गर्नु पर्दछ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १२८९०. | ९२८५.८४ | ३.१५ |
| सामाजिक क्षेत्र | १६१२५०.२६ | १४३५५६.२८ | ४८.७५ |
| पूर्वाधार विकास क्षेत्र | ११२८९६.०३ | ८०७६३.९३ | २७.४३ |
| वातावरण तथा विपद् व्यवस्थापन | ०. | ०. | ०. |
| संस्थागत विकास र सेवा प्रवाह | ६७५०. | ३५९७.३ | १.२२ |
| वित्तीय व्यवस्थापन र सुशासन | ०. | ०. | ०. |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७१८३२. | ५७२६०.७५ | १९.४५ |
| जम्मा | ३६५६१८.३ | २९४४६४.१ | |

## १९ सेवा प्रवाह

स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन्। स्थानीय तह आफैँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । पालिकावाट यस बर्ष प्रवाह भएको विवरण यस प्रकार छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागी निवेदन संख्या | सिफारिससंख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकतासिफारिस | ४५३ | ४५३ | |
| २ | घरबाटोसिफारिस | १२७ | १२७ | |
| ३ | नाताप्रमाणित | १०६ | १०६ | |
| ४ | जन्म,मृत्यु, वाह,वसाइसराई, सम्वन्धविच्छेददर्ता | ६९१ | ६९१ | |
| ५ | अन्य | ९४१ | ९४१ | |

माथि उल्लेखित विवरण अनुसार पालिकाको सेवा प्रवाह पञ्जिकरण तर्फ बढी तथा नाता प्रमाणित क्षेत्रमा न्यून देखिन्छ ।

## २० वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यसपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९,२६,७५,७१३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २१ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समिति गठन गरेता पनि बजेट सीमा, क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी कार्य प्रभावकारी रुपमा गरेको पाईएन ।जस कारण साना साना योजना संचालन भएको पाईयो । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## २२ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु २३ लाख ९० हजार अबण्डा बजेट व्यवस्था गरी ईन्धनमा रु. २२ लाख ६२ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## २३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## २४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल १९४ योजनामा वजेट विनियोजन गरेको छ।

उपरोक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## २५ लक्ष्य प्रगति

आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्वनियमावली, २०७७कोनियम३५बमोजिमबजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना संख्या | यो वर्ष खर्च | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा माथि प्रगति |
| २०६ | ९,२६,७५,७१३ | २९ | २ | ४ | १२ | १५९ |

कार्यालयवाट प्राप्त विवरण अनुसार यस बर्षका २०६ योजना तथा कार्यक्रम मध्ये १५९ वटा ७५ प्रतिशत माथी प्रगती भएका ४,५० प्रतिशत प्रगती भएका २, २५ प्रतिशत प्रगती भएका २ तथा रु १६७८९००० विनियोजन भएका अनुसूची बमोजिमका २९ कार्यक्रमको शुन्य प्रगति रहेको छ । बार्षिक लक्ष्य बमोजिम योजना कार्यक्रम संचालन गरी प्रगती हाँसिल हुनु पर्दछ ।

## २६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २७ सार्वजनिक सम्पति ब्यवस्थापन प्रणाली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सबै समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । वडा कार्यालयवाट खरिद भएका कतिपय सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६२ र यो वर्ष थप भएको ५८ गरी कुल १२० विवाद दर्ता भएकोमा ३६ वटा मात्र फर्स्यौट भई ८४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २९ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

## ३० कानुन निर्माण र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ४ वटा नियमावली, २९ कार्य विधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५९ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## ३१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म पेश्की रु.१३०८६००० फर्स्यौट गर्न बाँकी रहेकोले म्याद ननाघेको पेश्की रु १०९४५००० नियम अनुसार फर्स्यौट गर्नु पर्दछ । यसै गरी गत विगतलामो समय देखि बाँकि रहेको पेश्कि रु ६७६००० को प्रचिलत कानुन बमोजिम ब्याज समेत असुल तथा निर्माण व्यवसायीको म्याद नाघेको रु १४६५०००पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्दछ । अन्य दफामा पेश्की जफत गरी धरौटीमा राखेको लगती बेरुजु कायम भएको छ ।

| क्र.सं. | पेश्की लिएको मिति | पेश्की लिनेको नामथर | वापत | गत आ.व. को | पेश्की म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|---|
| १ | २०८०।१०।२८ | अमर डि एस बिल्डर्स जे भि | गाउँपालिका प्रशासनिक भवन निर्माण | ० | ५९००००० | ० |
| २ | २०८१।०१।११ | सनम निर्जरा जे भि | जनज्योती मा.वि.२४ कोठे भवन | ० | ० | ७३३५०० |
| ३ | २०८१।०१।१३ | सनम निर्जरा जे भि | जनज्योती मा.वि.२४ कोठे भवन | ० | ० | ७३१५०० |
| ४ | ८१।३।२४ | अमर डि एस बिल्डर्स जे भि | गाउँपालिका प्रशासनिक भवन निर्माण | ० | ३८४५००० | ० |
| ५ | ८१।३।२४ | अमर डि एस बिल्डर्स जे भि | गाउँपालिका प्रशासनिक भवन निर्माण | ० | १२००००० | ० |
| ६ | २०७९।०२।२८ | खेन्पालुङ्ग अध्ययन तथा अनुसन्धान केन्द्र नेपाल | गा पा को ऐतिहासिक तथा सास्कृतिक अध्ययन | १५०००० | ० | ० |
| ७ | २०७६।११।११ | श्री हिलटप नेपाल | सभापोखरी तारा छनौट कार्यक्रम | ११९००० | ० | ० |
| ८ | २०७८।१०।१६ | फाकुवा वृहत खा पा धारा निर्माण उपभोक्ता समिति | खानेपानी आयोजना निर्माण | ४०७००० | ० | ० |
| जम्मा रु | | | | ६७६००० | १०९४५००० | १४६५००० |

## ३२ खर्चमा मितव्यिता कायम गर्नु पर्ने

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमाआवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ ।पालिकाको आन्तरिक आय रु ५८,३४,१७९.०९ मात्र रहेको अवस्था पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्वबाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

| सि.नं. | खर्च विवरण | खर्च भएको रकम |
|---|---|---|
| १ | कर्मचारीको बैठक भत्ता | ७९८९९९ |
| २ | अन्य भत्ता | १८२१९०० |
| ३ | पदाधिकारी बैठक भत्ता | १५४२६५० |
| ४ | इन्धन (कार्यालय प्रयोजन) | १७९८०२८ |
| ५ | सवारी साधन मर्मत खर्च | ४३३२७४० |
| ६ | इन्धन - अन्य प्रयोजन | २०१०० |
| ७ | कार्यक्रम खर्च | ८९९५०७ |
| ८ | विविध कार्यक्रम खर्च | ९३४५२७१ |
| ९ | अनुगमन, मूल्यांकन खर्च | २९५००० |
| १० | भ्रमण खर्च | १७४१८६५ |
| ११ | अन्य भ्रमण खर्च | १२००० |
| १२ | विविध खर्च | १४७९६७३ |
| १३ | सभा सञ्चालन खर्च | २७०३४५ |

- अनुगमन मुल्याङ्कन भ्रमण खर्च र अन्य भ्रमण खर्च शिर्षकवाट पदाधिकारी कर्मचारीको भ्रमण खर्च लेख्दाभ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो भने भ्रमण गर्ने पदाधिकारी कर्मचारीवाट भ्रमण प्रतिवेदन समेत पेश भएको छैन ।
- मर्मत आदेश तथा अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।
- निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।
- विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।
- पुस्तकतथा सामग्री खर्च र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च लेख्दा पर्तिस्पर्धात्मक तवरले नगरी खर्च गरेको छ ।
- कार्यालय सामाग्री तथा मसलन्द खर्च गर्दा कार्यालयको आवस्यक्ता आंकलन गरी बार्षिक खरिद योजनाका आधारमा प्रतिस्पर्धात्मक बिधिवाट खरिद गर्नु पर्नेमा सो गरेको पाईएन ।
- मेशनरी सामाग्री तथा मोवाईल खरिद गर्दा मितव्ययि तवरले खरिद नगरेको पाईयो ।
- पालिकाको आन्तरिक आय अवस्था समेत ख्याल गर्दै यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

## ३३ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरुलाई रु 660438 आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ५८,३४,१७९.०९ को करिब ११.३२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ३४ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ।

## ३५ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १२६ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ६२३४९५२५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

## ३६ सरकारी तथा सार्वजनिक जग्गा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएनन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षणका लागि समेत अभिलेख व्यवस्थित गरिनु पर्ने देखिन्छ ।

## ३७ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहाय अनुसार निर्माण व्यवसायीबाट गराएका ८ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ। जिम्मवारी सरेका योजना हरुमा आर्थिक बर्ष भित्र निर्माण व्यवसायी साईट परीचालन समेत नभएको अवस्था कार्यालयवाट समय कार्य सम्पन्न गराउन आवस्यक पहल समेत गरेको देखिएन । यसरी कानून विपरीत सम्झौता गरी सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क्र.सं. | निर्माणकार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च (रु हजारमा) | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | मन्जुवा उकाली देखि आपुङ जिरोपोईन्ट सम्म सडक मर्मत | मन्जुवा उकाली देखि आपुङ जिरोपोईन्ट उ.स. | ०२/०२/२०८१ | ०३/२४/२०८१ | ६१५.०३ | |
| २ | सिकिदिम टर्निङ मा सडक ढलान कार्य (सडक बोर्ड साझेदारी) | सिकिदिम टर्निङ मा सडक ढलान कार्य उ.स. | ०२/०९/२०८१ | ०३/२४/२०८१ | ६९४.७४ | |
| ३ | लेब्राङ आपटारी देविदह झो. पु | लेब्राङ आपटारी देविदह झो.पु. उ.स. | ०३/०७/२०८० | ११/२०/२०८१ | ६९७.५८ | |
| ४ | लङ्खुवा खोला झो.पु. निर्माण | लङ्खुवा खोला झो.पु उ.स. | ०३/०७/२०८० | १२/३०/२०८१ | ४२०.१८ | |
| ५ | छाँगेखोला खानेपानी योजना (रेडक्रस सोसाईटि साझेदारी) | छाँगेखोला खानेपानी योजना उ.स. | ११/१५/२०८० | ०९/१५/२०८१ | १४६०.१९ | |
| ६ | सभापोखरी पवित्र धार्मिक स्थल जाने पदमार्ग निर्माण | सभापोखरी धार्मिक पर्यटकिय स्थल संरक्षण समिति | | | ०.०० | |
| ७ | कैलाश मा.बि ४ कोठे भवन | कैलाश मा.वि.व्य.स. | ०१/२०/२०८० | ०८/२१/२०८१ | ५३८.८९ | |
| ८ | डके गैरिगाउँ साँदी मोटरबाटो निर्माण | डके गैरिगाउँ साँदी मोटरबाटो निर्माण उ.स. | | | २७०.४१ | |
| ९ | वडा १ भरी सडक मर्मत संभार तथा व्यवस्थापन | वडा सडक मर्मत संभार व्यवस्थापन उ.स. | | | ०.०० | |
| १० | दानाबारी जामुने मोटरबाटो ट्रयाक ओपन | दानाबारी जामुने मोटरबाटो ट्रयाक ओपन उ.स. | ०३/०२/२०८१ | ०३/२०/२०८१ | ४००.०३ | |
| ११ | ओलाङ्गा ट्रयाक | ओलाङ्गा ट्रयाक | ०२/२२/२०८१ | ०३/१५/२०८१ | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ओपन | ओपन उ.स. | | | | |
| १२ | खिलिङ्ग पावा फुकाम सडक स्तर वृद्दी पालिका मेशिन | पालिका | - | - | ०.०० | |
| १३ | हाङ्गलालुङ्ग पावा फुकाम सडक स्तर वृद्दी पालिका मेशिन | पालिका | - | - | ०.०० | |
| १४ | बाह्रबिसे पिखुवा अलैचे सडक स्तर वृद्दी पालिका मेशिन | पालिका | - | - | २२७.४० | |
| १५ | पावा फुकाम ईथम्बु सडक स्तरोन्नती पालिका मेशिन | पालिका | - | - | ५०८.६९ | |
| १६ | बाह्रबिसे बजार मलामि पाटी अगाडी माटो फिलिङ | | - | - | ०.०० | |
| १७ | फाकुवा बृहत खा.पा. योजना एक घर एक धारा निर्माण | फाकुवा बृहत खा.पा. एक घर एक धारा उ.स. | ०९/१३/२०७८ | १२/३०/२०७८ | ४०७.०० | |

३८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.ई,अधिकृत नबौ,लेखाअधिकृत,इन्जीनियर, सबईन्जिनियर सहित२३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३९ **कर्मचारी व्यवस्था -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ५३ जना कर्मचारी करारमा राखि रु २२६८४२८८। तलव भत्तामा खर्च लेखेको छ।त्यसैगरी

सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगँचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।पालिकाले उल्लेखित पदवाहेकको कार्यालय

सहायक ३,अमिन १, अ न मी ४, अ हे व ३, ल्याव असिस्टेन्ट २ गरी जम्मा १३ जना करारमा नियुक्ति गरी बर्षभरीमा रु.५१८७९४९। भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५१,८७,९४९ |

४० **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु१२०८७८११ र पालिकाका कर्मचारीको रु. ५८४८४३० समेत रु.१७९३६२४१ तलव भत्तामा खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४१ **कर्मचारी तह बृद्धि तथा तह मिलान**

नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय स्वाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।त्यसैगरी सघ प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ को दफा ४(२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून बनाउदा संघिय कानूनसँग बाझिन नहुने गरि बनाउनुपर्ने व्यवस्था छ।

पालिकाले स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन,२०८० को आधारमा १ जना कर्मचारीको तह मिलान तथा ३ जनाको तह बृद्धि गरेको छ।तर संघिय कानून हाल सम्म निर्माण भई लागु भएको छैन।

४२ **कर्मचारी प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक बाट रु १११११०६७ प्रोत्साहन भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।पालिकाको आन्तरिक आय रु ५८३४१७९ रहेकोमा उक्त खर्च आन्तरिक आयको १९.०४ प्रतिशत रहेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४३ **यातायात खर्च**

कोशी प्रदेश गाँउ तथानगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) मा गाउँपालिकाका पदाधिकारीले पाउने यातायात खर्च सम्बन्धी व्यवस्था उल्लेख छ ।उक्त व्यवस्था अनुसार वडाध्यक्षले मासिक रु ४०००,कार्यपालिका सदस्यले रु २५००, वडा सदस्यले रु २००० यातायात खर्च पाउने तर सवारी साधन उपलव्ध गराउने व्यवस्था छैन। पालिका बाट उपलब्ध विवरण अनुसारदेहायका पदाधिकारीहरु लाई सवारीसाधन(मोटरसाईकल)तथा मासिक यातायात खर्च दुबै सुविधा उपलब्ध गराएको पाइयो।यसरी दोहोरो सुबिधा उपलब्ध गराएकोले यातायात खर्च वापतको रकम असुल गर्नुपर्ने रु

| नाम | पद | वडा नं | यातायात खर्च मासिक | जम्मा महिना | रकम |
|---|---|---|---|---|---|
| मनिस लिम्बु | वडाध्यक्ष | ५ | ४००० | १२ | ४८००० |
| ईश्वर पुलामी मगर | वडाध्यक्ष | १ | ४००० | १२ | ४८००० |
| राजकुमार राई | वडाध्यक्ष | २ | ४००० | १२ | ४८००० |
| शुक्रराज लिम्बु | वडाध्यक्ष | ४ | ४००० | १२ | ४८००० |
| पृथ्वी नारायण राई | कार्यपालिका सदस्य | | २५०० | २ | ५००० |
| रिजन राई | वडा सदस्य | ३ | २००० | ६ | १२००० |
| जम्मा | | | | | २०९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९,००० |

४४ **पदाधिकारी अनुगमन प्रतिवेदनः**

कोशी प्रदेशगाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (क) मा गाँउपालिका अध्यक्षको रु. 1०000/-, उपप्रमुखको रु. 1०000/-, वडाध्यक्षको रु. 4०00/- र कार्यपालिका सदस्यको रु. 2000/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि योजनागत रुपमा अनुगमन प्रतिवेदन पेश भएको छ।मासिक अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ।

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|
| अध्यक्ष | १ | १०००० | १२०००० |
| उपाध्यक्ष | १ | १०००० | १२०००० |
| वडाध्यक्ष | ६ | ४००० | २८८००० |
| कार्यपालिका सदस्य | ६ | २००० | २८८००० |
| जम्मा | | | ८१६००० |

४५ **स्थानीय पाठ्यक्रम निर्माण** (७४१/२०८१-३-२४):

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। स्थानीय पाठ्यक्रम निर्माणको लागि २२ बैठक बापत भत्तामा रु ३८८०००, सहभागी भत्तामा रु ४६८०० लगायत खाजा खानामा समेत गरी जम्मा रु ५६४२९४ खर्च गरेकोमा सम्वन्धित कार्यक्रम बाट खर्च लेख्नुपर्नेमा उत्पादन सामाग्रि सेवा खर्च शिर्षक बाट रु १२१७२५ र कर्मचारी बैठक भत्ता शिर्षक बाट रु ४४२५६९ गरि रु ५६४२९४ खर्च लेखेकोमा पाठ्यक्रम हालसम्म निर्माण भएको पाइएन। सम्वन्धित खर्च शिर्षक बाट खर्च गर्नु पर्दछ।

४६ **जिन्सि दाखिला नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहको र खरिद गरि वा नगरी कुनै प्रकार वाट प्राप्त हुन आएको सम्पति वा जिन्सि मालसामानको विवरण तथा मुलय समेत खुलाइ ७ दिन भित्र

जिन्सि कितावमा आम्दानी वाँध्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्न सामान खरिद गरेकोमा जिन्सि कितावमा आम्दानी वाँधेको पाइएन।सम्बन्धितले जिन्सि कितावमा आम्दानी वाधेको प्रमाण पेश नभएको रु

| भौ न र मिति | विवरण | रकम |
|---|---|---|
| ७३१।२०८१।३।२४ | यम्फु किरात समाजका लागि पुस्तक खरिद कार्यक्रम अन्तर्गत १५०० थान पुस्तक खरिद बापत भुक्तानी | १००००० |
| ६५४।२०८१।३।२० | जनता आ वि शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत १५थान डेक्स वेन्च खरिद बापत भुक्तानी | १०८४८० |
| जम्मा | | २०८४८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०८,४८० |

४७ **अनुदानको अनुगमन –**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरि परिक्षण गरेकोमा पालिकाले कृषि तथा पशु कार्यक्रम तर्फ अनुदानग्राहि छनौट तथा अनुदान वितरणको कुनै मापदणड तयार गरेको पाइएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केहि उदारहण यस प्रकार छन।

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १०४।२०८०।८।२२ | उन्नत जातको कृषिजन्य बिउ बिजन खरिद तथा बितरण कार्यक्रम अन्तर्गत आलुको बिउ खरिद तथा बितरण | ४५६००० |
| ३३।२०८०।६।१५ | कफि खेती बिस्तार कार्यक्रम अन्तर्गत कफि बिरुवा खरिद तथा बितरण | ३००००० |
| ७२९।२०८१।३।२४ | नर्सरी घर स्थापना सहयोग कार्यक्रम अन्तर्गत ओम लक्ष्मी बहुउदेश्य पशु मत्स्य तथा कृषि फर्म लाइ सहयोग | २५०००० |
| जम्मा | | ५५०००० |

४८ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले विभिन्न ८ विधालयका स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १५ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु४७०३०००। तलब भत्ता भुक्तानी गरेको पाइयो। विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन सम्बन्धि कार्य नगरी तलब भत्ता भुक्तानी गरेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ४७,०३,००० |

४९ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष विभिन्न व्यक्ति लाइ रु ६३०८३७ आर्थिक सहायता, बिभिन्न सस्थालाइ रु ४९१२७५ र बिभिन्न बिध्यार्थी लाइ पोसाक तथा शैक्षिक सामाग्रि रु ४९७८७८ वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।आर्थिक सहायता बितरण सम्वन्धि केही उदारहण निम्न छन।

| भौ न र मिति | विवरण | रकम |
|---|---|---|
| ६४७।२०८१।३।२० | दउराली कृषि तथा पशुपालन फर्म लाइ आर्थिक सहायता | १००००० |
| ८०।२०८०।८।११ | बारबिसे प्रहरी चौकी लाइ मौला पुजा बापत सहयोग | ३०००० |
| ३९२।२०८०।१२।२५ | धुपु प्रहरी चौकी व्यव्स्थापन सहयोग | ४३३४९ |
| ५३७।२०८१।२।२९ | मृत्युभएका परिवारलाइ आर्थिक सहायता | २०००० |

५० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको आन्तरिक आय रु.५८,३४,१७९.०९ रहेकोमा विविध खर्चमा मात्र रु.१४७९६७३ (करीव२५प्रतिशत( खर्च गरेको छ, यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

५१ **उपभोक्ता समिति मार्फत कार्य**

५१.१ **१ . लागत सहभागिता—** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

**२. खानेपानी साझेदारी कार्यक्रम–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । तर पालिका,रेडक्रस र उपभोक्ता समितिको साझेदारीमा रु १२६७३२४६ को लागत अनुमान भएको धुपुखोला बिराट खानेपानी आयोजना छाङ्गेखोला मुहान योजनाको कार्य साझेदारीमा गराई यस बर्षको कार्यसम्पादन रु २६६५८१३ मध्ये गो भौ न १९२।८१।३।५ वाट रु १४६०१८८ भुक्तानी गरेको पाईयो ।पालिकाले आयोजना संचालन गर्दा खरिद नियमको पालना हुने गरी गर्नु पर्दछ ।

५१.२ **हेभी इक्विपमेण्टको प्रयोग—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नमुना छनौट गरी परीक्षण गरिएका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो भौ न | उपभोक्ता समिति | प्रयोग गरेको उपकरण धनी | उपकरण | पालिकाबाट भुक्तानी | भाडा वापतको रकम |
|---|---|---|---|---|---|
| १०/८०/०५/८ | फाकुवा खोला प्रकाश आ.वि ट्र्याक ओपन उ.स. | खड्ग एण्ड चक्रमणी प्रा.लि. | एक्जाभेटर | १६४३५२७ | १८४३३४५ |
| २२/८०/०५/२९ | डके वरडाँडा मो.बा. स्तरोन्नती उ.स. | खड्ग एण्ड चक्रमणी प्रा.लि. | एक्जाभेटर | १२१७४९४ | १३५७१४४ |
| २६/८०/०६/०७ | हाङ्दुवा चालिसे स.उ.स. | जय गोर्खा निर्माण सेवा | एक्जाभेटर | १६८०००० | ७९४४६ |
| ४५/८०/०८/२६ | याचेलिङ फाकुवा मो.बाटो. उ.स. | जय गोर्खा निर्माण सेवा | एक्जाभेटर | ६१६१२२ | ७०८८३६ |
| १२२/८०/१२/२५ | गोठगाउ वडा कार्यालय मो. बा. उ.स. | मनकामना नि.से. | एक्जाभेटर | ८६५८७३ | ९७१५८१ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ .

५१.३ **जटिल संरचना:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले आर.सि.सी., फ्रेमस्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| गो भौ न:- | उपभोक्तासमितिको नाम | कार्य | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३२/८०/६/१७ | गाउँपालीका प्रवेश गेटनिर्माण उपभोक्ता समिति | कंक्रिट सहितको गेटनिर्माण | १०६७१४१ | ४४२२११ |
| २६/८०/०६/७ | हाङ्गदु चालिसे सडकउपभोक्ता समिति | ह्युम पाइप, पि सि सि, आर सि सि | १८८२०६७ | १६८०००० |
| ४१/८०/८/११ | नयाँ वस्ती शाखा सडकनाली ढलान उपभोक्ता समिति | पि सि सि, आर सि सिढलान | १३८५९३३ | ९६९१८३ |
| १२१/८०/१२/२५ | जनजाती संग्रालय भवननिर्माण उपभोक्ता समिति | आर सि सि ढलान सहित घर | १३०५६६७ | १२९९१९७ |

## ५२ धुपुखोला देउराली सडक ढलान कार्य

५२.१ **ठे.न.४।८०।८१ :-** धुपुखोला देउराली सडक ढलान कार्यका लागी रु ५४९११८२ को लागत अनुमानका आधारमा बोलपत्रका माध्यम वाट मिति ८१।३।२४ मा कार्य सम्पन्न गर्ने गरी २०८०।१२।२ मा निर्माण व्यवसायी कालाखेती निर्माण सेवा सँग रु ४४०८५५१ को सम्झौताका आधारमा गौ भौ न १५२।८१।१।३१ मा अन्तिम विल सम्म रु ४४०३५५० भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्ननुसार रहेका छन् ।

५२.२ सम्झौताको विशेष शर्त न ७१.२ मा निर्माण कार्य सम्पन्न भएको १५ दिन भित्र निर्माण व्यवसायीले निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नु पर्ने र यस्तो नक्सा पेश नभएमा रु ३०००० रोक्का राख्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको छैन भने कार्यालयले अन्तिम विलको भुक्तानी गर्दा सम्झौताको शर्त अनुसार रकम रोक्का गरेको पाईएन । अत सम्झौता बमोजिम एजविल्ट पेश नभएकोले असुल गर्नु पर्ने बेरुजु कायम भएकोमा छलफलको क्रममा पेश भएको छ । सम्झौता अनुसार समयमै नक्सा प्राप्त गरी अभिलेख अध्यावधिक बनाउनु पर्दछ ।

बेरुजु छलफलको क्रममा मिति २०८१।४।११ मा प्रमुख प्रशासकिय अधिकृतवाट अभिलेख जनाउनु पर्ने तोक आदेश भएको एजबिल्ट्र नक्सा पेश भएको आधारमा सैदान्तिक बनाईएको ।

५२.३

सम्झौताको विल अफ क्वान्टिटी प्रोभिजनल सम अन्तर्गत सम्बन्धित साईट ईन्चार्जको निर्देशनमा अतिरिक्त गुणस्तरण परीक्षण वापत रु २५००० उल्लेख भएकोमा विल भुक्तानी गर्दा उक्त अतिरिक्त परिक्षण प्रोभिजनल सम आईटम वाट रु २५००० भुक्तानी भएको पाईयो । तर निर्माण व्यबसायीलाई कार्यालयवाट अतिरिक्त गुणस्तर परीक्षण आदेश दिएको प्रमाण संलग्न नगरी भुक्तानी भएकोले अतिरिक्त परिक्षण आदेश पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५२.३.१ | कालाखेती निर्माण सेवा | २५,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

५२.४ बढि भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३०,३४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२.५ सम्झौताको शर्त न १९.१ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य,कामदार र मेशनरी उपकरणको निर्माण कार्य शूरुवात देखि त्रुटि सच्चयाउने अवधि सम्मको विमा गर्नु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी निर्माण सम्झौता भएको दिन ८०।१२।२ मै साईट हस्तान्तरण सहित कार्यादेश दिएको अवस्थामा निर्माण व्यवसायीले सम्झौता भन्दा १ महिना ७ दिन ढिलो विमा गरी रु २५००० भुक्तानी लिएको पाईएकोले सम्झौता को शर्त बमोजिमको अवधि खाम्ने गरी विमा गरेर मात्र बिमा बापत भुक्तानी दिनु पर्दछ ।

५२.६ न्युन कर असुल

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१९,३८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त चालु र समानिकरण चालु तथा पुँजिगत बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु ३११४५८० /- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| गो भौ न र मिति | वजेट उप शीर्षक | फर्मको नाम | रकम |
|---|---|---|---|
| ४९,०८०।०९।१९ | ८०१०४५०४५०१ | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि. | ८५७०८३ |
| ३०३,०८०।११।१४ र ५९,८०।११।१४ | ८०१०४५०४००१ र ८०१०४५०४५०१ | गौरी शंकर आयुवेदिक सप्लायर्स | ३२८४२५ |
| ५८७,२०८१।०३।१० | ८०१०४५०४००१ | अनुपमा भेटनरी औषधी पसल | १९८४०० |
| २१७,२०८०।०९।२९ | ८०१०४५०४००१ | बैभव लक्ष्मी कमर्सीयल | ३५३२६४ |
| २२२,२०८०।१०।०४ | ८०१०४५०४००१ | नयन मेडिको फर्मा | ६०८००० |
| ३५,२०८०।०६।२४ | पालिका पुँजिगत | वैभवलक्ष्मीकर्मशियलस | ६५७८१ |
| ३५/८०/०६/२४ | पालिका पुँजिगत | वैभवलक्ष्मीकर्मशियलस | २२९७०६ |
| ३४/८०/०६/२४ | पालिका पुँजिगत | वैभवलक्ष्मीकर्मशियलस | १५९७५७ |
| २८/८०/६/१५ | पालिका पुँजिगत | वैभवलक्ष्मीकर्मशियलस | १३८८३९ |
| २८।८०।६।२४ | पालिका पुँजिगत | वैभवलक्ष्मीकर्मशियलस | ८३१६८ |
| ५१/८७/०९/3 | पालिका पुँजिगत | भ्यूनिसियलमेसरुग इन्टर | ९२१५७ |
| जम्मा | | | ३११४५८० |

· खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको,

· आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।

तसर्थ,औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिनगरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिम्मेवारीलाईजिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ५४ औषधीको गुणस्तर

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने, तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरिक्षण गराको छैन । अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परिक्षण गर्नुपर्दछ ।

## ५५ PNC HOME VISIT

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले भौ न ५४ मिति २०८०।१०।०८ बाट PNC HOME VISIT को लागि विभिन्न सप्लायर्सहरुबाट सामाग्री खरिद गरेकोमा खरिद गरिएका सामाग्रीहरु कुन प्रयोजन र कुन कुन स्वास्थ्यकर्मिहरुलाई बितरण गरेको हो सोको प्रमाण नरहेकोले, सम्बन्धित स्वास्थयकर्मिलाई बितरण गरेको भर्पाई, र PNC HOME VISIT गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०९,८२२ |

५६ **कृषि एम्बुलेन्स**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा ३८ मा कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम रहेको छ । जसअनुसार सशर्त विनियोजित बजेट रकम र स्थानीय तहको अन्य आन्तरिक स्रोतबाट प्राप्त हुने बजेट रकम बाट एम्बुलेन्स खरिद गर्ने सक्ने व्यवस्था रहेको छ । कार्यविधि अनुसार कृषि एम्बुलेन्स प्रयोजनका लागि SINGLE CAB गाडी खरिद गर्नुपर्ने, खरिद गरिएको गाडीमा चिस्यान सुविधा जडान गर्नुपर्ने र एम्बुलेन्स संचालनका लागि व्यवस्थापकीय कार्यहरु गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले ससर्त चालु भौ न ४७।२०८०।०९।२९ बाट रु १९७५००० र पालिका पुँजिगतबाट भौ न ६२।२०८०।०९।२९ बाट रु ९०००० समेत मनराम मोटर्स प्रा. ली. बाट रु २०६५००० को MAHENDRA ARJUN NOVO 605 DI 4W ट्याक्टर खरिद गरेको छ ।सोहि ट्याक्टरको लागि आवश्यक डाला जनाई पालिका पुँजिगतबाट भौ न २३०।२०८१।०३।२३ बाट आर्जु अटो वर्कसपबाट थप २७९९९९ रकम बराबरको डाला खरिद गरेको छ । यसरी स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्तालाई सहजरुपमा ताजा कृषि उपज उपलब्ध गराउनमा सहयोग पुर्याउन चिस्यान सुविधा सहितको कृषि एम्बुलेन्स गाडी खरिद गर्नुपर्नेमा ट्याक्टर र ट्याक्टरको लागि डाला गरी गरेकोले कार्यबिधिको न्युनतम मापदण्ड समेत पुरा नगरी खरिद गरेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २३,४४,९९९ |

५७ **सुन्तला पकेट निरन्तरता**

५७.१ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणको लागी क्षेत्रनिर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले आ.व २०७८/७९ मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीता जस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकन नगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छ भनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

५७.२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ४ मा साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सम्बन्धि व्यवस्था रहेको छ ।जसअनुसार स्थानीय तहले स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरो नपर्ने गरी आफ्नो उपलब्ध स्रोत साधनबाट पकेट कार्यक्रम सञ्चालन गर्न सक्नेछन वा २ वर्षपछि यीनै पकेटहरुलाई समेत निरन्तरता दिन सक्ने व्यवस्था रहेको छ ।संघीय सरकारबाट ससर्त चालुमा आ.व. २०७९।८० मा स्थापना भएको सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु ६००००० बजेट विनियोजन भई आएकोमा कार्यालयले भौ १५० र १५१ मिति २०८१।०३।२४ बाट पाईप तथा विभिन्न सामाग्रीहरु खरिद गरि विभिन्न ५६ वटा व्याक्ति तथा कृषक समूहहरुलाई वितरण गरेको छ ।आर्थिक वर्ष २०७९।८० मा स्थापना भएका पकेट समूहको निरन्तरताको कार्यक्रम भएकोले वितरण गरिएका व्याक्ति तथा समूहहरु अघिल्लो वर्ष सुचिकृत भई अनुदान तथा सामाग्री प्राप्त गर्न योग्य हुन वा होईनन् यकिन हुन सकिएन, तसर्थ ०७९।८० मा नै छनोट भई पकेट कार्यक्रम निरन्तरता गरिरहेका पकेट समुहहरुको प्रमाण पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२१,२०० |

५८ **जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश

प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले राजश्व आम्दानी र दाखिलाको दैनिक अभिलेख खाता नराखेको, बैक दाखिला रकमलाई नै आम्दानी जनाएकोले असुल भएको राजश्व सबै दाखिला भएको छ भन्ने आधार देखिएन । उचित कारण बेगर लामो समय राजश्व दाखिला गर्ने कर्मचारीलाई कार्यालयले जिम्मेवार बनाएको देखिएन । अत ऐनको व्यवस्था अनुरुप ढिलो दाखिला गर्ने कर्मचारी वाट जरीवाना असुल गरि राजश्व दाखिला हुनुपर्दछ ।

५९ **दाखिला गर्न बाकी राजश्व**

दाखिला गर्न बाकी राजश्वः आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ । कार्यालयले दैनिक रसिद आम्दानी खाता बनाई अभिलेख नराखेकोले कुन रसिदबाट के कति आम्दानी भएको हो र कति रकम दाखिला भएको हो, सो सम्बन्धमा यकिन हुन सकिएन । कार्यालयले सम्पूर्ण रसिद ठेलिहरु तथा वडाहरुको स्वचालित प्रणालीबाट भएको आम्दानीको जाँच गरि दाखिला भए नभएको बारेमा थप यकिन भई राजश्व दाखिला बाँकी रहेमा छानविन गरी राजश्व दाखिला गर्नु पर्दछ।

६० **ढुङ्गा, गिट्टि वालुवा निकासी कर**

कोशी प्रदेश आर्थिक ऐन २०८० दफा ७ सँग सम्बन्धित अनुसूची ५ अनुसार प्रदेश भित्र प्राकृतिक स्रोतको संकलन तथा बिक्रि शुल्क दर ढुङ्गा गिट्टि प्रति क्युविक फिट रु ७ र बालुवा प्रति क्युविक फिट रु ६ हुने उल्लेख छ । तर २०८०/३/१० मा पास भएको सभापोखरी आर्थिक ऐन २०८० को दफा ११ को अनुसुचिमा प्रति ट्रयाक्टर ढुङ्गा गिट्टि वालुवा संकलन निकासीमा प्रदेश सरकारबाट तोकिए बमोजिम गर्न ठेक्का नलागे सम्म ढुङ्गा वालुवा प्रति ट्रयाक्टर २०० र गिट्टिको लागि प्रतिट्याक्टर रु ३०० समेत उल्लेख गरी सोही बमोजिम निकासी कर असुल गरेको छ ।प्रदेश ऐन बमोजिम ढुङ्गा गिट्टि प्रति ट्याक्टर रु ६१७.४ र बालुवा प्रति ट्याक्टर रु ५२९.२ हुन आउछ । जसवाट प्रदेश आर्थिक ऐनको तुलानामा प्रति ट्याक्टर ढुङ्गा मा रु ४१७.४,गिट्टिमा प्रतिट्याक्टर रु ३१७.४ र बालुवामा प्रति ट्याक्टर रु ३९२.२ ले घटि राजश्व आम्दानी भएको छ ।पालिकाले प्राकृतिक स्रोत वापतको आम्दानी बृद्धि गरी पालिकाको राजश्व अभिबृद्धि गर्नु पर्दछ । (३५.२८ क्यू.फिट बराबर १ घन फि. र १ ट्याक्टरमा २.५ घ.मि सामाग्री जाने आधारमा गणना गरिएको )

६१ **रसिद पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व ऐन २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सो को भोलिपल्ट जिम्मेवार ब्यत्तिले तोकिए बमोजिमको ढाँचामा राजश्को लेखा राखी बैक दाखिला गर्नु पर्ने उल्लेख छ ।कार्यालयले अघिल्लो आ.व. बाट अल्या गरि जारी गरेको नगदी रसिद नं २७५१-२८०० र २८५१-३००० लेखापरीक्षणमा पेश भएन । उत्त रसिदबाट के कति राजश्व उठेको छ कार्यालयले छानविन गरी राजश्व दाखिला गर्नु पर्दछ।

६२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ८६ लाख ६६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु ५८ लाख ३२ हजार अर्थात अनुमान भन्दा ३२ दशमलव ७० प्रतिशत प्रतिशत घटी आय प्राप्त गरेको छ । पालिकाको आन्तरिक आय अनुमान यर्थार्थपरक नरहेको देखिएकोले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका

तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३,१४,८३,५९४ | **५८,३२,६७९** | १.७५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६४ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आन्तरिक राजस्व खाता | | | | |
|---|---|---|---|---|
| क्र.सं. | **आम्दानी शीर्षक** | **अनुमान** | **असार महिना सम्मकोआम्दानी** | प्रतिशत |
| १ | सम्पती कर | १,००,००० | १,३६१ | १.३६ |
| २ | भुमिकर/मालपोत | ६,००,००० | ९,११,१६७ | १५१.८६ |
| ३ | घरजग्गारजिष्टेशन दस्तुर | ० | १०० | |
| ४ | वहाल कर | २,००,००० | १,८५,१३८ | ९२.५७ |
| ५ | वहालविटौरी कर | १,००,००० | ० | ०.०० |
| ६ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | १,००,००० | ० | ०.०० |
| ७ | अन्यमनोरञ्जन कर | १,००,००० | ० | ०.०० |
| ८ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | २,००,००० | ० | ०.०० |
| ९ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २,००,००० | ३८,५६० | १९.२८ |
| १० | अन्य कर | ३,००,००० | ३,८८,५७२ | १२९.५२ |
| ११ | पर्यटनशुल्क | ५०,००० | ० | ०.०० |
| १२ | पदयात्राशुल्क | ५०,००० | ० | ०.०० |
| १३ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | १,००,००० | ८,१०० | ८.१० |
| १४ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | १०,००,००० | ० | ०.०० |
| १५ | अन्यबिक्रीबाट प्राप्त रकम | ५,००,००० | १८,२०० | ३.६४ |
| १६ | अन्य सेवाशुल्क तथा बिक्री | ० | ९,०८,९३५ | |
| १७ | न्यायिकदस्तूर | ३,००,००० | ११,००० | ३.६७ |
| १८ | शिक्षाक्षेत्रको आम्दानी | ० | १३,९०० | |
| १९ | परीक्षाशुल्क | १,००,००० | ५५,००० | ५५.०० |
| २० | यातायातक्षेत्रको आम्दानी | २,००,००० | ० | ०.०० |
| २१ | अन्यप्रशासनिक सेवा शुल्क | ५,००,००० | ११,०४,८०६ | २२०.९६ |
| २२ | नक्सापासदस्तुर | ० | ५०० | |
| २३ | सिफारिशदस्तुर | ५,००,००० | ७,०४,६०० | १४०.९२ |
| २४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ३,००,००० | ९९,७०० | ३३.२३ |
| २५ | नाताप्रमाणित दस्तुर | २,००,००० | ३१,२०० | १५.६० |
| २६ | अन्यदस्तुर | ६,००,००० | ७४,८३० | १२.४७ |
| २७ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २,००,००० | १,४८,५७० | ७४.२९ |
| २८ | विद्युतसम्बन्धी दस्तुर | ० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| २९ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | २,००,००० | १,००,५०० | ५०.२५ |
| ३० | अन्यक्षेत्रको आय | ० | ४,२१,३४५ | |
| ३१ | प्रशासनिकदण्ड, जरिवाना र जफत | २,३०,००० | १,६०,००० | ६९.५७ |
| ३२ | धरौटीसदरस्याहा | २,००,००० | ० | ०.०० |
| ३३ | अन्यराजस्व | ६,३६,९४१ | २,८४,२२१ | ४४.६२ |
| ३४ | व्यवसाय कर | ५,००,००० | २०० | ०.०४ |
| ३५ | बेरूजू | ४,००,००० | १,६१,६७४ | ४०.४२ |
| जम्मा | | **८६,६६,९४१** | **५८,३२,६७९** | **६७.३०** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

## ६५ राजस्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार देहायबमोजिमका नगदि रसिद ठेलिहरुको आम्दानी तथा वितरण गरि बाँकी रहेको देखियो ।

| अल्या | छपाई | वितरण | मौज्दात बाँकी |
|---|---|---|---|
| २३ प्याड | ४० प्याड | ५१ प्याड | १२ प्याड |
| | | | रसिद न ३०२ देखि ३५० सम्म १ ठेलि र रसिद नम्बर १४५१ देखि २००० सम्म ११ ठेलि गरि जम्मा १२ ठेलि |

## ६६ व्यबसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १,४८,५७० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

## ६७ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका २८ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६७४ जना रहेका छन । पालिकाले भौ न १०५ मिति २०८१।०३।१७ मा बैभव लक्ष्मी कमर्सियल प्रा.लि. बाट ७२९६ प्याकेट स्यानिटरी प्याड रु ६५६६७२ (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद

गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी कुनैपनि प्याकेट प्याड वितरण नगरी प्याकेट प्याड मौज्दातमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । सो सम्वन्धमा देखएका थप व्यहोरा निम्नानुसार छन् ।

· कार्यविधिको अनुसुचि १ मा स्यानिटरी प्याडको LENGTH साईज २२० एम एम देखि २४० एम एम तथा WIDTH ६० देखि ७५ एम एम सम्मको हुनुपर्ने व्यावस्था रहेको छ । तर कार्यालयले दररेट माग गर्दा Specification मा LENGTH २९० एम एमर WIDTH १५५ एम एम जनाएको छ, यसरी प्रतिस्पर्धा सिमित हुने र तोकिएको गुणस्तरमा सामाग्री प्राप्त नहुने देखिन्छ ।

कार्यविधिको अनुसुचि १ (१२) मा खरिद गरिने स्यानिटरी प्याडको गुणस्तरको अनिवार्य ल्याब परिक्षण गर्नुपर्ने उल्लेख रहेको छ । कार्यालयले लेखापरिक्षणको क्रममा ल्याब रिपोर्ट परिक्षण पेश गरेको छ ।

## ६८ ईन्टरनेट जडान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० (५.५) अनुसार सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यावस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेटको शुल्क भुत्तानी गर्ने प्रयोजनले प्रति विद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध गराउने व्यावस्था रहेको छ । पालिकाले भौ न १३४ मिति ०८१।०३।२२ मा विभिन्न १५ विद्यालयहरुमा इन्टरनेट जडान तथा सञ्चालनको लागि रु १८०००० खर्च जनाएकोमा विद्यालयहरुमा ईन्टरनेट जडान भएको र शुल्क भुत्तानी भएको यकिन नभएको र प्रमाण पेश नभएकोले इन्टरनेट जडान भइ सञ्चालन भएको आधार र प्रमाण पेश गर्नुपर्ने अन्याथा असुल गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५६,००० |

## ६९ प्रारम्भिक बाल बिकास सहजकर्ता

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप नम्बर १.१.४.१(१.१) अनुसार स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरि प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले चाडपर्व खर्चसहित १३ महिना बराबरको रकम र बार्षिक रु १०००० पोशाक खर्च सहित विद्यालयको खातामा अनुदान उपलब्ध गराउनुपर्ने र यसरि अनुदान उपलब्ध गराउदा सम्बन्धित विद्यालयले प्रमाणित हाजिरी र सिफारिस पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न १७ वालविकास शिक्षकहरुलाई अनुदान रकम स्वरुप विभिन्न विद्यालयहरुलाई रु २२६०००० निकाशा गरेकोमा बाल बिकास केन्द्रबाट प्रमाणित हाजिरी र सिफारिस नआएकोले बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिस पेश भएपश्चात रकम निकाशा गर्नुपर्दछ ।

## ७० शिक्षा

पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

· पालिका अन्तर्गत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

· पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

· कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन ।

## ७१ पारिश्रमिक कर

आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न विद्यालयका शिक्षकहरुको तलब, भत्ता निकाशा गर्दा बार्षिक रुपमा लाग्ने पारिश्रमिक करको विवरण पेश गरेको छैन् , विद्यालयहरुबाट बार्षिक लेखापरिक्षण प्रतिवेदन समेत प्राप्त नभएकोले सम्बन्धित विद्यालयहरुबाट शिक्षकहरुको पारिश्रमिक कर कट्टा भए नभएको बारेमा यकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा यकिन गरि पारिश्रमिक कर कट्टा नभएमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

७२ **निकासा अभिलेख खाता**

गाँउपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाँउपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

७३ **बिद्यालयहरुको लेखापरीक्षण**

गाँउपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । गाँउपालिका अन्तर्गत २८ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म २८ बिद्यालयले लेखापरीक्षण गराएको पाइएन । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाँउपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

७४ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । २०८१ सालमा स्थानीय तह अन्तर्गत विभिन्न तहका २७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७५ **शिक्षण सिकाई अनुदान**

७५.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप न २.७.१३.५० अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ । यसरी अनुदान दिदा विद्यार्थी संख्या यकिन गर्नुपर्ने र यकिन गरिएको प्रत्यके तहगत विद्यार्थी संख्यालाई निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम विद्यालयलाई अनुदान दिनुपर्दछ । कार्यालयले कुन विद्यालयका कति विद्यार्थी संख्या हुन सो बारेमा स्थलगत निरिक्षण नगरिकनै IEMIS मा देखिएका विद्यार्थी संख्याको आधारमा मात्र रकम निकासा गरेको छ । यसरी रकम निकाशा गर्दा विद्यालयले बढि संख्या देखाउने र बढि रकम निकाशा हुने जोखिम रहन्छ, तसर्थ स्थलगत अनुगमन र निरिक्षण गरेर मात्र वास्तविक विद्यार्थी संख्या यकिन भएपश्चात मात्र अनुदान रकम निकाशा गर्नुपर्दछ ।

७५.२ लेखापरिक्षण अवधिसम्म अध्यावधिक भएको IEMIS DATA लाई आधार लिएर परिक्षण गरिएकोमा देहायबमोजिमका बिद्यालयहरुलाई बढी संख्यामा रकम निकाशा भएकोले सम्बन्धित विद्यालयबाट बढि भएको रकम असुल गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७५.२.१ | Kailash Secondary School Pawa | १,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००० |

७६ **गैरआवासीय छात्रवृत्ति**

७६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलाप नं. ७.२.१.१ को ४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई गैरआवासीय छात्रवृत्ति वितरण सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयलले यस वर्ष छात्रवृत्तिमा ३३२२०० रकम खर्च गरेकोमा विद्यार्थीहरुको तथ्याङ्क यकिन गरि सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित नगरेकोले निकासा भएको रकम सहि हो भनि यकिन हुन सकिएन ।

७६.२ लेखापरिक्षण अवधिसम्म अध्यावधिक भएको IEMIS DATA लाई आधार लिएर परिक्षण गरिएकोमा देहायबमोजिमका विद्यालयहरुलाई छात्रावृत्ति रकम बढी निकाशा भएकोले असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | १-८छात्र संख्या | दलित छात्र संख्या | जम्मा संख्या | दर | निकाशा हुनुपर्ने रकम | निकाशा भएको रकम | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| Ranidhunga Basic School Phukam | ७ | | ७ | ४०० | २८०० | ३२०० | ४०० |
| Triweni Secondary School Barhabise | १८६ | ५ | १९१ | ४०० | ७६४०० | ७९२०० | २८०० |
| जम्मा रु. | | | | | | | ३२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२०० |

७७ **निशुल्क पाठ्यपुस्तक**

७७.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु १४५०८०२ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

७७.२ लेखापरिक्षण अवधिसम्म अपडेट भएको IEMIS DATA अनुसार लेखापरिक्षण गरिएकोमा कार्यालयले भौ न ७३ मिति २०८१।०१।०९ र भौ न ९१ मिति २०८१।०२।२२ बाट देहायबमोजिमका विद्यालयहरुलाई पाठ्यपुस्तक बमोजिम रकम निकाशा गर्दा २०८१ सालमा भर्ना भएका IEMIS DATA मा रहेका विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकाशा भएकोले यकिन गरि सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रकम रु

| विद्यालयको नाम | निकाशा हुनुपर्ने रकम | निकाशा भएको रकम | | जम्मा निकाशा | बढि निकाशा रु |
|---|---|---|---|---|---|
| | | ७५ प्रतिशत | २५ प्रतिशत | | |
| हिम माध्यमिक विद्यालय स्वाची | १०५६२४ | ५९९०० | ७०५४४ | १३०४४४ | २४८२० |
| जन ज्योति मावि धुपु | २४७५१३ | १७०६६५ | १०३८८५ | २७४५५० | २७०३७ |
| जनजागृति आधारभूत विद्यालय मथिल्लो धुपू | २४३१९ | १४६६१ | १४२०१ | २८८६२ | ४५४३ |
| जनसेवा आधारभूत विद्यालय सिँचुवा | ९३२८ | ५५२८ | ४३२६ | ९८५४ | ५२६ |
| जनता आधारभूत विद्यालय धुपू | २५५४६ | १३९३३ | १३८७१ | २७८०४ | २२५८ |
| कैलाश माध्यमिक विद्यालय पवा | ९३२८३ | ४८१८२ | ६७६२८ | ११५८१० | २२५२७ |
| कालिका आधारभूत विद्यालय कोकटासिङ | १५६८२ | १०२३७ | ६२०१ | १६४३८ | ७५६ |
| कालिका आधारभूत विद्यालय सानेम | २१९१ | २४९८ | १७९९ | ४२९७ | २१०६ |
| मंगलादेवी आधारभूत विद्यालय गोठगाउँ | १२५६० | ६२७८ | ७५७७ | १३८५५ | १२९५ |
| पञ्च ज्योति आधारभूत विद्यालय | १३०७९ | ८४६३ | ५२९७ | १३७६० | ६८१ |
| शारदा आधारभूत विद्यालय बितालाब | ४०२५६ | २७०५४ | १४९५४ | ४२००८ | १७५२ |
| सिद्धढुङ्गा आधारभूत विद्यालय | ३२२१ | ३३३० | ५५८० | ८९१० | ५६८९ |
| सिंहादेवी आधारभूत विद्यालय सिबेक्पा | १२५८२ | ७७८६ | ९०६६ | १६८५२ | ४२७० |
| सिंहेश्वरी आधारभूत विद्यालय ज्यामिरे | १९४०० | १०५४४ | १४६०४ | २५१४८ | ५७४८ |
| सिंहेश्वरी आधारभूत विद्यालय सिक्दिम | २०६६७ | १२५४२ | १५६८९ | २८२३१ | ७५६४ |
| त्रिवेणी मावि बाह्रबिसे | ४६९४५१ | २७१४३७ | १९८७६० | ४७०१९७ | ७४६ |
| जम्मा रु. | | | | | ११२३१८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५,४५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,१०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,३९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,३१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **८,४९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **३,९३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,३१८ |

## ७८ दिवा खाजा

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मो विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले विभिन्न २८ सामुदायिक विद्यालयहरुलाई वर्षभरि विद्यालय चलेको दिन यकिन नगरी विभिन्न मितीमा दिवा खाजा बापतको रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विभिन्न २८ विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ ।

कार्यालयले IEMIS मा रहेको विद्यार्थी संख्या पुन यकिन गरि, बास्तविक विद्यार्थी संख्यालाई शिक्षा अधिकृतबाट सत्यापन गराई, भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई, स्थानिय तहमा संकलन गरी, संख्या यकिन गरि बिद्यार्थी उपस्थितिको दिन गणना गरेर मात्र दिवा खाजा निकाशा गर्नुपर्दछ । यस सम्बन्धमा निकाशा भएको रकम कार्यालयले पुन: यकिन गरि बढी निकाशा भएमा बढि भएको रकम असुल गर्नुपर्दछ ।

## ७९ फरक खर्च शिर्षक

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धि प्रावधान अनुसार सम्बन्धित खर्च सम्बन्धित खर्च शिषर्ककाट लेख्नुपर्ने व्यवस्था । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था रहेको साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० अनुसार स्थानिय तहबाट सम्पादन हुने ससर्त अनुदानका सब बजेट उपशीर्षकहरुका कार्यक्रमका कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड अनुसार अनुदान निकाशा गर्दा सम्बन्धित सब बजेट उपशीर्षकहरुबाट मात्रै खर्च लेख्नु पर्दछ । देहायबमोजिम अनुदान निकाशा तथा कार्यक्रमको रकम भुत्तानी गर्दा शिर्षक फरक पारी रकम खर्च गरेकोले अनियमित रु

| गो भौ न र मिति | लेख्नुपर्ने खर्च शिर्षक/उपशीर्षक | लेखेको खर्च शिर्षक/उपशीर्षक | रकम रु |
|---|---|---|---|
| १३४,०८१।०३।२२ | विद्यालय सञ्चालन तथा व्यावस्थापन अनुदान | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | १८०००० |
| १५२,०८१।०३।२४ | विद्यालय सञ्चालन तथा व्यावस्थापन अनुदान | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | १२००० |
| जम्मा रु. | | | १९२००० |
| | | अनियमित भएको | १,९२,००० |

## ८० बढी तलब

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भौ न ९४ मिति २०८१।०२।२३ बाट विद्यालयहरुमा तलब निकाशा गरेकोमा विद्यालयहरुको तलब माग फारम र निकाशा भएको रकम तलबी प्रतिबेदन संग भिडान गर्दा जनज्योती मा वि धुपु सभापोखरी १ मा कार्यरत शिक्षक घननाथ दहाल मिति २०८१।०३।१७ बाट अनिवार्य अवकाश भएको देखिन्छ । कार्यालयले विद्यालयलाई असार महिनाको सबै तलब निकाशा गरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रु.

| शिक्षकको नाम | १ महिनाको ग्रेड र तलब | १३ दिनको बढी तलब र ग्रेड | १० प्रतिशत संचयकोष थप | जम्मा रु |
|---|---|---|---|---|
| घननाथ दहाल (स.नं. ११७७०६) | ४३९९४ | १९०६४ | १९०६ | २०९७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९७० |

## ८१ मुल्य अभिबृद्धि कर कट्टा नगरेको

मूल्य अभिवृद्धि कर नियमावली (चौबिसौं शंसोधन २०७९) २०५३को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. २२७५० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश गर्नु पर्ने रु

| गोभो न | निर्माणव्यवसायी | पान न | बिजक रकम | बिजकन | मु अकर | ३०प्रतीशत | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ७८/८०/१०/११ | धोलागिरीसोलार | ६००८८८७६९ | ६५९१७४ | १०३/८०/०९/२७ | ७५८३४ | २२७५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,७५० |

## ८२ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१)मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने,नियम ८४मा रु.१० लाखभन्दा माथि सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख)मा सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटा आपूर्तिकर्तासंग सीमाभन्दा बढीको सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले निम्न सामाग्री खरिद गर्दा पटक पटक एउटै आपुर्तकवाट नियमावलीको सिमा भन्दा बढी प्रतिस्पर्धात्मक विधि नपनाइ खरिद गरी भुक्तानी दिएको अनियमिति देखिएको रु

| गो भौ न | सामाग्री | | सप्लार्यस | भुक्तानी रकम | जम्मा खरिद |
|---|---|---|---|---|---|
| ९३।८०।११।१४ | होम पाइप(४५०mm) | १५ मिटर | सुबासस्टोर्स एण्ड सप्लायार्स | ९१५३० | **१३८१०८६** |
| ३१।८०।६।१७ | पाइप( RCC hume) | १०५ मिटर | सुबासस्टोर्स एण्ड सप्लायार्स | ६७४६१० | |
| ३६।८०।६।२४ | पाइप(HDPE) | ४२०० मिटर | सुबासस्टोर्स एण्ड सप्लायार्स | ६१४९४६ | |
| ६७।८०।१०।०८ | पाइप | 5666 मिटर | कोपिलास्टोर | ५८४१८२ | **११३६८२२** |
| १०६।८०।१२।०५ | पाइप(HDPE) | २२८५ मिटर | कोपिलास्टोर | २३५०७६ | |
| १११र११२।८०।१२।१५ | पाइप(HDPE) | १६५२ मिटर | कोपिलास्टोर | १८३४१७ | |
| १८१।८१।०३।०२ | पाइप(HDPE) | १९१३ मिटर | कोपिलास्टोर | १३४१४७ | |
| २२५।८१।३।२२ | सडक बत्ती | १ job | जेम्सट्रेड एण्ड सप्लायार्स | ६४३७९४ | |
| ७८।८०।१०।११ | हाजिरीवेट्री | २३ | धौलागिरीसोलार | ६५९१७४ | १०५४१५१ |
| ७१।८०।१०।१० | सडक बत्ती | १ job | धौलागिरीसोलार | ३९४९७७ | |
| | | | | **४२१५८५३** | **३७७२०५९** |

| | |
|---|---|
| अनियमित भएको | ३७,७२,०५९ |

## ८३ प्रशासिकय भवन

सभापोखरी प्रशासकिय भवन ०१।०८०।०८१ का लागी रु ८,८८,८२,५५० लागत अनुमानका आधारमा २०८०/६/०१ सुचना प्रकाशन भई पेश भएका ४ वटा बोलपत्र दाता मध्ये सबै भन्दा घटि रु ६,२५,१९,२३४ कबोल गर्ने बोलपत्र दाता आवरण मेटल इन्जीनरीङ्ग लाई मिति ८०।८।२९ मा बोलपत्र स्विकृतीको आशय सुचना प्रकाशन गरेकोमा ८०।९।१मा निज निर्माण व्यवसायीले पाँच वटा आयोजना संचालन गरि रहेकोले सम्झौता गर्न असमर्थ रहेको निवेदन पेश पश्चात निजको बिडवण्ड रु २०००००० जफत गर्ने निर्णय गरी दोस्रो घटि रु ६७४३८९५८ कबोल गर्ने अमर डि. एस विल्डर्स J.V सँग २०८२/०३/३०मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/२५ सम्झौता भएको छ ।सम्झौता पश्चात यस बर्ष गा. पा. पुजिगतः- ७९/८०/१०/२८ वाट ५९,००,०००।गा. पा. पुजिगत २३३/८०/३/२४ वाट ३८,४५,००० तथा स्थानीय तह भवन पूर्वाधार कार्यक्रम १/८१/३/१वाट १२,००,००० समेत जम्मा रु१,०९,४५,०००पेश्कि भुक्तानी भएको छ भने यस आ वमा कुनै बिल बापत भुक्तानी भएको पाईएन ।सम्झौता भएको करिब ६ महिना सम्म बिल भुक्तानी भएको नदेखिएकोले कार्यतालिका बमोजिम कार्य सम्पन्न गरेको देखिदैन । अत सम्झौता बमोजिम समयमा नै कार्यसम्पन्न गराउनु पर्दछ ।

पहिलो घटिवालको बिडबण्ड धरौटी जफत गर्ने कार्यालयको निर्यण बिरुद्य निर्माण व्यवसायीवाट मुद्दा दायर भई उच्च अदालत बिरानगर धनकुटा ईजालसको उत्प्रेषण आदेशवाट कार्यालयको सिटिजन्स बैंकमा राखेको बिडबन्ड धरौटी जफत गर्ने गरी भएको निर्णय कार्यान्वयन नगराउनु भन्ने आदेश भई धरौटी जफत भएको छैन ।

## ८४ नन् फाईलर

मुल्य अविबृद्विकर ऐन, २०५२ को दफा १८ अनुसार करदाताले तोकिएको समयमा आफूले बुझाउनु पर्ने मु.अ.कर को विवरण आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्ने पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्यहरु गराउँदा विगत लामो समय देखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेको आपुर्तकहरुबाट निर्माण सामग्रीहरु खरिद गरेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFilerभएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका NonFiler ब्यवसायीहरुलाई भुक्तानी भएको मुल्य अभिवृद्विकर सम्बन्धित आन्तरिक राजश्व कार्यालयवाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु

| गोभो न | निर्माणव्यवसायी | पान न | बिजक रकम | बिजकन | मु अकर | कैफीयत |
|---|---|---|---|---|---|---|
| १०/८०/०५/०८ | खडग एण्डचक्रपाणी प्रा.लि | ६०९७८७९२४ | १८४३३०५ | २६/८०/०३/१३ | २१२०६६ | NON Filler ८०/ T1 Inlane 2078/79 |
| २२/८०/०५/१९ | खडग एण्डचक्रपाणी प्रा.लि | ६०९७८७९२४ | १३५७१४४ | ३/ ८०/५/१८ | १५६१३१ | NON Filler ८०/ T1 Inlane 2078/80 |
| १२२।८०।१२।२५ | मनकामना निर्माण सेवा (गोठगाउ सडक उ स) | ६१४०५३३६४ | ९७१५७४ | ४।८०।११।२९ | १११७७४ | ८०।M.10 देखी नन् फाईलर |
| १६।८१।२।२९ प्रकोप | मनकामना निर्माण सेवा (गोठगाउ सडक उ स) | ६१४०५३३६४ | २८५४१२ | ७।८१।२।१८ | ३२८३५ | ८०।M.10 देखी नन् फाईलर |
| | | | | | प्रमाण पेश नगरेको | ५,१२,८०६ |

## ८५ हेभिकोटेड ग्याविन गुणस्तर प्रमाण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यसै गरि जिल्ला दररेट निर्धारण समिति संखुवासभाले मिति २०८०।अषाढ मा स्विकृत गरेको दररेट फलाम जन्य निर्माण सामाग्री सि न ८ अनुसार मेशिन वाट बुनिएको षटकोणिय जाली **हेभिकोटेड**को प्रति वर्ग मिटर रु २६० रहेको छ । कार्यालयवाट लागत अनुमान तयार गर्दा हेभिकोटेड ग्याविन जाली प्रयोगहुने भनी लागत अनुमान तयारी तथा सोही आधारमा सम्झौता र भुक्तानी भएको छ । तर समितिहरुवाट पेश भएका बिजकहरुमा खरिद गरिएका जालिहरु हेभिकोटेड भएको खुल्न नआएको तथा सो को गुणस्तर परीक्षण पश्चात हेभि कोटेड

रहेको प्रमाण समेत संलग्न नरहेकोले निम्न उपभोक्ता समितिवाट खरिद भएका ग्याविन जालिहरु हेभि जिङ्क कोटेड भएको प्रमाण पेश गर्नु पर्ने रु

| गो भौ न:- | उपभोक्ता समितिको नाम | सप्लायर्स | ग्याविन परिमाण घ. मि. | रकम |
|---|---|---|---|---|
| २६/८०/८/६ | हाङ्गदु चालिसे सडक उपभोक्ता समिति | सुवास स्टोर एण्ड सप्लायर्स | २०१ | ६२३३४७ |
| ४१/८०/८/११ | नयाँ वस्ती शाखा सडक नाली ढलान उपभोक्ता समिति | पुजल ट्रेडस् | १२ | २१०१८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४४,३६५ |

## ८६ छोलिङ्ग गुम्बा निर्माण सम्झौता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिसँग निर्माण कार्य गर्ने सम्झौता गर्दा समितिवाट व्यहोरिने लागत खुलाई सम्झौता गर्नु पर्ने उल्लेख छ । प्रदेश सरकार स्थानीय पुर्वाधार विकास आयोजना ईटहरी सभापोखरी गाँउपालिकापालिका र छोलिङ्ग गुम्बा ब्यवस्थापन समिति बिच मिति २०७९।१२।२१ मा भएको रु २८०७००२ को छोलिङ्ग गुम्बा पुर्न निर्माण सम्झौता अनुसार पुर्वाधार विकास कार्यालयवाट रु १९६०००० र स्थानीयतहको रु ८६७००२ तथा निर्माण समितिको लागत सहभागिता रकम खाली सम्झौता भएको छ । मिति २०८०।३।१५ मा रु २२७२००९ को कार्यसम्पन्न भई आयोजनावाट रु १५८६४३० तथा पालिकावाट रु ६५१३०० समेत २२३७७३० भुक्तानी भएको छ ।जसवाट निर्माण समितिको योगदान ३४२७९(१.५ प्रतिशत) मात्र भएको देखिन्छ । पालिकाले सम्झौता गर्दा उपभोक्ता समिति लागत सहभागिता नहुने गरी सम्झौता गर्ने कार्यमा सुधार गर्नु पर्दछ ।

## ८७ उत्खन्न भएको ढुङ्गाको प्रयोग

सडक विभागको अर्थवर्कको नर्म्सको सेक्सन ९०० मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ ।कार्यालयले ६५/ ८०/१०/०४ -० त्रिवेणी मा.वि शौचालय निर्माण उपभोक्ता समिती सँग निर्माण कार्य गराउदा पुरानो ढुङ्गाको गारो भत्काई प्राप्त भएको २७.५ घ.मी. ढुङ्गा प्रयोग भएकोमा उक्त परीमाण वापत नघटाई गारो लगाउने, सोलिङ गर्ने समेत ३४.५ घ.मी. को ढुङगाको कार्य गराई उक्त कार्य को ढुङ्गा का लागि २ कि.मी. टाढा वाट ढुवानी गरेको जनाई प्रती घ.मी. ८२५का दरले ढुवानी खर्च भुक्तानी दिएको छ । सम्बन्धित योजनामा नै उपलब्ध भएको ढुङ्गा प्रयोग गरी सो वापत २७.५*८२५ = रु २२६८० भुक्तानी भएकोले ५० प्रतिशत ढुङ्गा १३.७५ वापतको रु ११३४३ जनश्रमदान घटाई असुल गर्नु पर्ने रू १०१६७

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१६७ |

## ८८ ज्यावल खरिद तथा दरविश्लेषण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१०,५१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **६,३७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,०९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ८९ योजना र ईन्धन खरिद

-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नै एक्जाभेटरवाट माटो काटि सडक निर्माण तथा स्तरोन्ती गर्ने योजना भनि सभावाट बिनियोजन गरेको योजनाहरुवाट ईन्धन खरिद गरी भुक्तानी गरेको छ । तर यस्तो खरिद भएको ईन्धन सम्बन्धित योजना प्रयोग भए नभएको सम्बन्धमा छुटै मुल्याङ्कन नगरी बर्ष भरिमा पालिका डोजर वाट भएका विभिन्न रु २३६७८५०३ का ३५ योजना सम्पन्न गरेको विवरण पेश गरेको छ ।सभाले बिनियोजन गरेको योजनाका लागि खरिद भएको ईन्धनवाट सम्बनधित योजनमा के कति काम भयो र कति ईन्धन खर्च भई कार्य भएको परिमाण खुल्ने नापजाँच प्राविधिक मुल्याङ्कन र ईन्धन लगबुक सहितको विवरण राख्नु पर्दछ । योजनमा बजेट बिनियोजन गरी ईन्धन खरिद भएका केही उदाहारण निम्ना अनुसार रहेका छन् ।

| गो भौ न | सप्लार्यस | योजना | परिमाण लि | भुक्तानी रकम |
|---|---|---|---|---|
| २३/ ८०/०५/३१ | महालक्ष्मीअटोमोबाइल | सभापोखरी - खादबारी स्तोननन्ती | ३०६०L | ५२१५९८ |
| ४४/८०/०८/२५ | महालक्ष्मीअटोमोबाइल | प्रत्येकवडामा सडक मर्मत | २०००L | ३३४५९३ |
| ४२/८०/८/११ | महालक्ष्मीअटोमोबाइल | प्रत्येकवडामा सडक मर्मत | ३३००L | ५५२०७८ |
| ८९/८०/११/१३ | यशोधाआयल | पावा फुकामइथुम्बा सडक | ३११७L | ५०८६९४ |
| ६०/८०/०९/२७ | महालक्ष्मीअटोमोबाइल | बाह्रबिसेपिखुवा अलेचे सडक | १३१९L | २११३९८ |
| 61/ 80/०९/२७ | महालक्ष्मीअटोमोबाइल | हस्पितलदेखी भन्ज्याङ सडक | १९७९L | ३२९०९६ |
| ७६/८०/१०९/११ | महालक्ष्मीअटोमोबाइल | प्रत्येकवडामा सडक मर्मत | ३१६८ | ५०४२३३ |
| १०२ / ८०/१२/०२ | यशोधा आयल स्टोर्स | प्रत्येक वडामा सडकमर्मत | १८५० | ३०१९१० |
| ११६/८०/१२/२३ | यशोधा आयलस्टोर्स | चैनपूरबाह्रबिसे सडक | ३३३५ | ५३७४३३ |
| ११४/८०/१२/२३ | यशोधा आयलस्टोर्स | प्रत्येकवडामा सडक मर्मत | २६०० | ४२४३०६ |
| १३४/८१/१/०९ | यशोधा आयलस्टोर्स | हाङदुवासडक | ३३४५ | ५४९२४९ |
| १४६ / ८१/०१/२६ | यशोधा आयलस्टोर्स | पित्लुङदोडेचोर ओपन ट्र्याक | १२३२ | १९९९९३ |
| 154/ ५५-२/१ | यशोधा आयलस्टोर्स | प्रत्येकवडामा सडक मर्मत | २५९० | ४२१३४३८ |

| | | | | |
|---|---|---|---|---|
| २३६/८१/०३/२४ | महालक्ष्मीअटोमोबाइल | चैनपूरउनापयठी | ३००० | ५२८५४८ |

## ९० ढुङ्गाको प्रयोग

सडक विभागको अर्थवर्कको नर्म्सको सेक्सन ९०० मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। कडा चट्टान आएकोमा स्टोन सोलिङ लगायतको काममा सोही ढुंगा प्रयोग गर्न सकिनेमा गरेको छैन भने ढुंगा उत्खनन भएकोमा उक्त ढुंगाको रोयल्टी लिइ प्रयोग गर्न दिनुपर्नेमा सो पनि गरेको छैन। ढुंगाको मितव्ययी प्रयोग मार्फत लागत अनुमानमा किफायती ल्याउनुपर्ने गत विगतको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा स्थिती सुधार गरेको पाईएन ।नमुना छनौट गरी परीक्षण गरिएका निम्न कार्यहरुमा खन्ने कार्यमा कडा ढुङ्गा उत्खन्न भएको जनाई ढुङ्गा काट्ने कार्य वापत भुक्तानी भएको छ । केही योजनाको निर्माण कार्यमा सोही योजनामा सोलिङ्गको कार्य तथा गार्हो लगाउने कार्य गरी सोही ढुङ्गा प्रयोग भएको अवस्थामा समेत स्विकृत नर्म्स अनुसार ढुङ्गाको परीमाण नघटाएको तथा ढुङ्गाको कार्य गर्दा ढुङ्गा खरिद वापत भुक्तानी भएकोले सोही योजनामा उत्खन्न भएको ढुङ्गा प्रयोग गरी ढुङ्गा खरिद गरेको जनाई भुक्तानी लिएको असुल गर्नु पर्ने रु .

| गो भौ न | उपभोक्ता समिति | कडा ढुङ्गा परिमाण | प्रयोग हुनु पर्ने ढुङ्गा | ढुङ्गाको दर | बढी मुल्याङ्कन | जनश्रमदान घटाई बढी भुक्तानी | अन्यकाम |
|---|---|---|---|---|---|---|---|
| २२/८०/०५/२९ | डके वरडाँडा मो.बा. स्तरोन्नती उ.स. | ३७७.२५ | ४१।१४ घ मि | १४०० | ५७५९६ | ५१५९६ | सोलिङ-२१.३, गाह्रो-१६.१ |
| | | | | | | असुल गर्नुपर्ने | ५१,८३६ |

## ९१ पालिका कृषि कार्यक्रम

गाँउपालिकाको स्विकृत वार्षिक कार्यक्रम ५० प्रतिशतमा मिनिटिलर तथा प्लास्टिक टनेल वितरण कार्यक्रम अन्तर्गत गौ भौ न १४२। ८१।१।१३ सुवास स्टोर्स एण्ड सप्लायर्सवाट खरिद भएका -१४ मिनिटिलर तथा ६० प्लास्टिक टनेल वापत रु - ४९०४९२ खर्च भएकोमा खरिद गरिएका सामाग्री पश्चात टोल विकास संस्था समुहलाई वितरण भएकोमा मिनिटिलर तथा टनेलहरु बास्तविक किसानहरुले उपयोग गरे नगरेको समबन्धमा पालिकावाट प्रभावकारी अनुगमन भएको पाईएन ।यसै गरी एउटै समुह संस्थालाई एक भन्दा धेरै संख्यामा सामाग्री वितरण गरेको,फरक फरक दरमा समाग्री उपलब्ध गराएकोमा फरक हुनुको आधार तथा छनोटको मापदण्ड यकिन गर्न सकिएन । साथै वडा गत रुपमा तुलाना गर्दा १ २ ३ वडामा बढि संख्यामा वितरण भएको पाईयो ।जसवाट पालिकाले संचालन गरेको अनुदान कार्यक्रमको सुचना प्रचार प्रसार प्रभावकारी नभएको देखिन्छ । बढि भन्दा बढि लाभग्राही समावेश हुने तवरले सुचना प्रचार प्रसार गरी स्पस्ट मापदण्डका आधारमा छनौट र वितरण गरी अनुदानको प्रभावकारी अनुगमन हुनु पर्दछ ।वितरण गरिएका सामाग्रीहरुको वडागत विवरणको उदाहारण यसप्रकार छ।

| समुह | मिनि टीलर | टनेल | वडा | संख्या मिनी टेलर | टनेल |
|---|---|---|---|---|---|
| किसान टोल विकास संस्था | १ | २ वटा | १ | ४ | ८ |
| एकता कृषी समुह | १ | १ थान | २ | ४ | ७ |
| उन्नती इषक आमा समूह | | २ थान | | | |
| स्विलिङ टोल वि. सस्था ३ | १ | ३ थान | ३ | ५ | ७ |
| जन सेवा कृषक समुह | | ५ थान | ४ | - | २ |
| पिखुवा टो. वि. स. ३ | | ३ थान | ५ | - | - |
| सुम्मिना स्वावलम्वन सामु क. स. - १ | | ३ थान | ६ | १ | ११ |
| दिदीङवसती-कृषी प. समु | १ | २ थान | | | |

## ९२ सिदेश्वरी आधारभुत विधालय सिकिदिम भवन

९२.१ गौ भौ न २२२।८१।०३।२१- सिदेश्वरी आधारभुत विधालय सिकिदिम भवन निर्माण कार्यका लागि निर्माण उपभोक्ता समिति र कार्यालय बीच मिति रु ४९०३६२५ को सम्झौता भई २०८१।३।१५ मा रु ४७५३९६४को कार्यसम्पन्न भई कार्यालय वाट रु ३७०९९९३(गत बर्षको फुकुवा समेत) भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नाअनुसार रहेको छ।

९२.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यसै गरी भवन विभागको स्वकृति न. घ९७-५ अनुसार फलाम डण्डीको काममा वेस्टेज वापत ५% थप गरी दररेट विश्लेषण गर्न सकिने उल्लेख भएकोमा सोहि बमोजिम तयार भएको लागत अनुमानका आधारमा कार्य गराई नापजाच गर्दा फलाम डण्डीको कार्य ६३७३.२८ मा अतिरीक्त ७% ले हुने ४४६.१३ केजी थप गरी १४३.२५ का दरले रु ६३९०८ भुक्तानि दिएकोले उक्त ७ प्रतिशत वेस्टेज वापतको परीमाणको विस्तृत नापी पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९८,४८४ |

९२.३ सडक विभागको अर्थवर्कको नर्म्सको सेक्सन ९०० मा कडा चट्टान खन्ने काममा चट्टान प्रयोग गर्न सकिने अवस्थामा ५० प्रतिशत प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ ।खन्ने कार्य अन्तर्गत ढुङ्गाको परिमाण १५०.८५ को प्रतिघन मि. रु १४३२ का दरले रु २१६१०९ भुक्तानि भएकोमा सोहि योजनामा सोलिङ २५।७८२ ग्राहो- ४४.९९ घ मि को काम भएकोमा खन्दा निस्किएको ढुङ्गाको परिणाम नघटाई भुक्तानी भएकोले कडा ढुङ्गा १५०.८५को ५०% ले ७५.४२ घमि ढुङ्गा वापत प्रति घ.मि. रु १३६५ दरले बढि १०२९४८ ब्ययभार पेरको छ । पालिकाले उत्खन्न भएको ढुङ्गा प्रयोग गर्ने गरी लागत अनुमान तथा सम्झौता गर्नु पर्दछ ।

९२.४ पालिका र विद्यालय निर्माण उपभोक्ता समिति विच भएको सम्झौता अनुसार रु ४९०३६२५ मध्ये संघ शसर्त कार्यक्रम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत कुल लागतको ५६.०८७ प्रतिशत रु २७५०००० बाँकि निर्माण समिति र पालिकावाट ब्यहोर्ने उल्लेख छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले बिद्यालय निर्माणका लागी संघ शसर्तवाट प्राप्त रकम रु २७,५०,००० विद्यालयको खातामा पठाई रोक्का राखि कार्य प्रगतिको आधारमा मिति २०८०।९।१७ मा रु ८२५००० र मिति ८१।१।१४मा रु १९.२४,३०७ समेत रु २७४९३०७ रोक्का रकम फुकुवा आदेश दिएको पाईयो । सम्झौताको अनुसार कार्यसम्पन्नका आधारमा पालिका तर्फ रु १०४३९७०, निर्माण समिति तर्फ रु १०४३९७० र राष्ट्रपती शैक्षिक कार्यक्रम तर्फ रु २६६६३५५ खर्च लेख्नु पर्नेमा पालिका तर्फ रु ९६०६८६ खर्च लेखि शसर्त राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम तर्फ रु ८३६४५ बढि खर्च लेखिएको संघिय सञ्चितकोष फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ९२.४.१ | पालिका कार्यालय | ८३,६५४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,६५४ |

९३ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम समेत खुलाउनुपर्नेमा केहि योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको मात्र उल्लेख गरेको कारण ईन्जिनियरिङ्ग नमर्स अनुसार तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

९४ **बिपद व्यवस्थापन कोषतर्फः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु.१४४०५६८।०० र यस वर्ष पालिकाबाट रु।२५००००००।०० समेत रु.३९४०५६८।०० आम्दानी भएकोमा यस वर्ष यस कोषबाट रु.१६१२२२१।०० खर्च भएको पाईयो । विपद् व्यवस्थापन कोष सञ्चालनको लागि पालिकाले कार्यविधि बनाएको नदेखिएकोले ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । पालिकाले मिति २०८१।२।२१ देखि २४ गतेसम्म ४ दिन पालिकाको सभाहलमा १६ जना गणकहरुलाई अभिमुखिकरण सम्बन्धि तालिम सम्पन्न गरि गो.भौ.नं. २१।२०८१।३।२४ बाट रु.२१२४०३।०० खर्च गरेको पाईयो । कार्यालयले सो तालिम कार्यक्रम पालिकाको सभाहलमा संचालन भएको अवस्थामा अनुगमन भत्ता भुक्तानि दिन नमिल्नेमा सो कार्यक्रमको अनुगमन गरेको जनाई १२ जना पदाधिकारी र कर्मचारीहरुले अनुगमन भत्ता वापत ३ दिन प्रतिदिन रु.१०००।०० को दरले रु.३६०००।०० भुक्तानि दिएकोले कर कट्टा गरि बाँकि रकम रु.३०६००।०० सम्बन्धितबाट असुल गर्नुपर्दछ । साथै बिपद व्यवस्थापन कोषबाट खर्च गर्ने सम्बन्धि कार्यबिधि तथा निर्देशिका बिना खर्च गरेको तथा अभिमुखिकरण सम्बन्धि तालिम कार्यक्रम विपदसँग सम्बन्धित नभएको हुदाँ रु.३०६००।०० असुल गरेको प्रमाण सहित नियमित गर्नुपर्ने रु....

| | |
|---|---|
| अनियमित भएको | २,१२,४०३ |

९५ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १९.७३ देखि ४२.०२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय

कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | खाँदबारी बाहबिसे सडक कालोपत्रे | ३।०८०।८१ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ३१५००००० | १८२६०८०० | ४२.०२ |
| २ | जनज्योति मा.बि.२४ कोठे भवन निर्माण | २।०८०।८१ | सनम।निर्जरा जे.भि.संखुवासभा | ११४९५३११ | ८३९१५३४ | २७ |
| ३ | सभापोखरी गाउँपालिकाको प्रशासकिय भवन | १।०८०।८१ | अमर।डि.एस.बिल्डर्स जे.भि. | ९३३९७३६० | ७१०८१७५१ | २३.८९ |
| ४ | धुपुखोला देखि देउराली सडक ढलान | ४।०८०।८१ | कालाखेति निर्माण सेवा खाँदबारी | ५४९२१८२ | ४४०८५५१ | १९.७३ |

९६ **निर्माण कार्यको गुणस्तर:-**

सार्वजनिक खरिद नियमावली ,2064 को नियम 9 (2) मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि ओ क्यूमा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरि लागत अनुमान तयार गर्ने र सोहि अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको छैन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गरेको छ । सोही कारणले ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव डण्डी बालुवा गिट्टी सिमेन्ट आदीको परीक्षण गर्नुपर्दछ ।

९७ **निर्माण सामाग्रि प्रयोगको कर कम असुल भएको:**

सभापोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ११ अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ढुङ्गा,गिट्टी,बालुवा,माटो,काठ दाउरा,जराजुरी,खरीढूङ्गा आदि प्राकृतिक वस्तुहरुको बिक्रि तथा निकासी शुल्क अनुसूचि १० बमोजिमको दरमा असुल गरिने उल्लेख गरेको छ । पालिकाबाट यस बर्ष निर्माण ब्यबसायी तथा उपभोक्ता समितिहरुबाट गरिएका निर्माण कामको नमूना छनौट गरि परिक्षण गर्दा देहायका निर्माण कामको लागि गाउँपालिकाको कार्यक्षेत्रभित्र बाट ढुङ्गा,गिट्टी,बालुवा प्रयोग गरि काम गरेकोमा प्राबिधिक मूल्यांकनको आधारमा ऐन अनुसार प्राप्त गर्नुपर्ने भन्दा कम कर असुल गरेको पाईएको हुनाले अन्या योजनाहरुको समेत पालिकाले यकिन गरि नपुग कर रकम सम्बन्धितबाट असुल गरेको प्रमाण पेश गर्नुपर्दछ । साथै देहायका योजनाहरुमा ढुङ्गा,गिट्टी,बालुवा प्रयोग वापत कम असुल भएको रकम रु.४५९४०।०० असुल गर्नुपर्ने रु.....

| Item No. | Item Name | काम भएको परिमाण र ईकाई | Norms अनुसार हुनेसामाग्री | Norms अनुसार काम भएको परिमाण (ट्र्याक्टर) | असुली भएको दर प्रति ट्र्याकटर | असुलहुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| | | गो.भौ.नं.६,७,९,१२, | | | | |
| | | | | | | |
| | | १३,१६,१९,२१,३१, | | | | |
| | | | | जय शम्भु।कार्कि | | |
| | | ३३,४३ | ठेक्का नं.३।०८०।८१ | जे.भि.ईलाम | | |
| B4 | Base Course | 997.1 m3 | बालुवा | धुलो भएको समावेसनभएको | | |
| | | | गिटि | २७९.१९ | ३०० | ८३७५७ |
| B7 | Premix | 179.46 m3 | गिटि सानो | ७१.७८ | ३०० | २१५३४ |
| D5 | Dry Stone Soling works | 94.28 m3 | ढुङ्गा | ३७.७१ | २०० | ७५४२ |
| D6 | Stone Masonry Works (1:6) | 279.25 m3 | ढुङ्गा | १२८.४५ | २०० | २५६९० |
| | | | बालुवा | ४६.४६ | ३०० | १३९३८ |
| D7 | PCC (M10) | 82.38 m3 | बालुवा | १४.८२ | ३०० | ४४४६ |
| | | | गिटि | २९.६५ | ३०० | ८८९५ |
| D8 | PCC (M15) | 89.88 m3 | बालुवा | १६.१७ | ३०० | ४८५१ |
| | | | गिटि | ३२.३५ | ३०० | ९७०५ |
| | | | | निर्माण व्यबसायीबाट असुल हुनुपर्ने रु. | Total | १८०३५८ |
| | | | | निर्माण व्यबसायीबाट असुल भएको रु. | | १३८००० |
| | | | | नपुग असुल हुनुपर्ने रु. | | ४२३५८ |
| | | १९।२०८१।३।२४ | सिकिदिम मुनि टर्निङ सडक उ.स. | | | |
| 1 | Stone Soling | २७.५० | ढुङ्गा | १३.२० | २०० | २६४० |
| 2 | Cement concrete work | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| I | PCC (1:3:6) | ११.०५ | बालुवा | १.९९ | ३०० | ५९६ |
| | | | गिटि | ३.९८ | ३०० | ११९४ |
| ii | PCC (1:2:4) | ३१.८० | बालुवा | ५.७२ | ३०० | १७१७ |
| | | | गिटि | ११.४५ | ३०० | ३४३४ |
| | | | | उपभोक्ताबाट असुल हुनुपर्ने रु. | | ९५८२ |
| | | | | उपभोक्ताबाट असुल भएको रु. | | ६००० |
| | | | | नपुग असुल हुनुपर्ने रु. | | ३५८२ |
| | | | | कुल जम्मा असुल हुनुपर्ने रु. | | ४५९४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,९४० |

९८ **भुक्तानि बाँकि दायित्व बढि सिर्जना गरेको:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति वा फर्मसँग भएको सम्झौता बमोजिमको रकम भुक्तानि गर्न चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा म ले प फा नं २२१ मा भुक्तानि बाँकिको बिबरण प्रमाणित गराइ दायित्व सिर्जना गरि मात्र भुक्तानि दिन सकिने व्यवस्था रहेको छ । यस गाउँपालिकाको सडक बोर्ड सँगको साझेदारीमा सिकिदिम मुनि टर्निङ्ग सडकमा आर.सि.सि.काम उपभोक्ता समितिबाट गराई प्राबिधिक मूल्यांकन रु.७७३९१४।०० भएकोमा उपभोक्ता समितिको योगदान कट्टा गरि बाँकि सम्पूर्ण रकम गो.भौ.नं.१९।२०८०।३।२४ बाट रु.६९४७४३।०० भुक्तानि दिएकोमा मिति २०८१।३।३० गतेको १३ औं गाउँसभाको बैठकबाट सो योजनामा रु.५५००००।०० दायित्व कायम गरेको पाइएकोले उक्त योजनाको लागि भुक्तानि दिन मिल्ने देखिदैन ।

९९ **पर्यटन कोषतर्फ:**

९९.१ सभापोखरी गाउँपालिका र नेपाल पर्यटन बोर्ड जीविकोपार्जन पुरुत्थानका लागि दिगो परियोजना (STLRP) को सहलगानीमा आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम संचालन गर्न गाउँपालिका र सभापोखरी धार्मिक एवम पर्यटकीय स्थल संरक्षण समिति बिच मिति २०८०।६।१६ गते भएको सम्झौता बमोजिम उक्त समितिले होम स्टे तालिम,पर्टकीय संकेत चिन्ह निर्माण,भौतिक पूर्बाधार निर्माण,पिउनेपानी व्यवस्थापन लगायतको कार्यक्रम संचालन गरि पालिकाले रु.१९८५२६०।०० र पर्यटन बोर्डले रु.१३२३१३९।०० गरि जम्मा रु.३३०८३९९।०० खर्च तथा भुक्तानि भएको पाईयो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

९९.२ **प्रशिक्षक भत्ता बढि भुक्तानि:** कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्वन्धी निर्देशिका २०७९ को बुदा नं ६ को (ख) अनुसार तालिम केन्द्र बाहेकका निकायहरुवाट संचालित तालिम गोष्ठिको कक्षामा बाह्य प्रशिक्षकलाई प्रति कक्षा रु.२२००।०० को दरले भुक्तानि दिनुपर्ने उल्लेख छ । सभापोखरी धार्मिक एवम पर्यटकीय स्थल संरक्षण समितिले मिति २०८०।७।१५ देखि २० गते सम्म ६ दिन होम स्टे तालिम संचालन गरि बाह्य प्रशिक्षकहरु डा.उद्धब पुरीलाई १० वटा कक्षा र लक्ष्मी गुरुङ्गलाई ६ वटा कक्षाको प्रति कक्षा रु.३४००।०० का दरले भुक्तानि दिएकोले निर्देशिकामा तोकिएको भन्दा प्रति कक्षा रु.१२००।०० को दरले क्रमश: रु.१२०००।०० र रु.७२००।०० गरि जम्मा रु.१९२००।०० बढि भुक्तानि दिएको पाईयो । यसरी निर्देशिकामा तोकिएको भन्दा बढि दरले प्रशिक्षक भत्ता दिएकोकले पारिश्रमिक कर कट्टा गरि डा.उद्धब पुरीबाट रु.१०२००।०० र प्रशिक्षक लक्ष्मी गुरुङ्गबाट रु.६१२०।०० गरि जम्मा

रु.१६३२०।।०० गो.भौ.नं.७७।२०८०।१०।११ बाट बढि भुक्तानि दिएको रकम असुल गरि राजश्व दाखिला हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३२० |

९९.३ **अनुगमन भत्ता भुक्तानि:** सभापोखरी धार्मिक एवम पर्यटकीय स्थल संरक्षण समितिले मिति २०८०।७।१५ देखि २० गते सम्म ६ दिन होम स्टे तालिम संचालन गरि रु.४८५९४८।०० खर्च गरेको पाईयो । सो तालिम कार्यक्रम पालिकाको न्यायिक समितिको सभाहलमा संचालन भएकोले यातायात खर्च भुक्तानि दिन नमिल्नेमा ६ जना कर्मचारीहरुले यातायात भत्ता वापत रु.२४८००।०० गो.भौ.नं.७७। २०८०।१०।११ बाट भुक्तानि दिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.....

| सि.नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| ३ | रबिन दाहाल | १६०० |
| ४ | प्रसिद्ध श्रेष्ठ | ८८०० |
| **जम्मा** | | **१०४००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४०० |

१०० **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१०१ **अधुरा ठेक्का:**

१०१.१ सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम 128 अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा 63 अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । गत बिगत बर्षहरु र यस बर्ष बिभिन्न निर्माण कामहरु गर्नको लागि प्रतिस्पर्धाबाट छनौट भएका निर्माण ब्यबसायीहरु र गाउँपालिका बिच भएको सम्झौता भएकोमा निर्माण ब्यबसायीहरुले प्रचलित कानून र सम्झौताको शर्त बमोजिम काम नगर्ने तथा निर्माण काम अधुरो राख्ने गरेको पाइयो ।अधुरा ठेक्काहरुका हकमा केहि ठेक्कामा कारवाहीको प्रक्रिया शुरु गरेको र केहिमा कारबाहि नगरेको कारण ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले उपरोक्त अधुरा ठेक्काहरुलाई उल्लेखित कारवाहीलाई

कार्यान्वयन गरि ठेक्का खरिद सम्झौतालाई समयमै टुङ्गयाई फरफारक गरि यस्ता निर्माण ब्यबसायीहरुलाई कालोसूचीमा राख्न लेखिपठाउनु पर्दछ । देहायका ठेक्काहरुको सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

| ठेक्का नम्वर | निर्माण व्यवसायीको नाम र काम | सम्मझौता रकम | हालसम्म भुक्तानि रकम | शुरु गर्नुपर्ने मिति | सम्पन्न गर्नुपर्ने मिति (म्याद थप समेत) | कार्य सम्पादन जमानी रकम | पेश्कि रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २।०७८।७९ | शुभ एण्ड ध्रुब कन्स्ट्रक्सन। देउराली पाङ्गा सडक | ११०८३७८३ | ० | २०७८।११।१० | २०७९।३।३१ | ३५११००० | २१००००० | कार्यसम्पादन जमानत बेरुजु गत वर्ष समाबेश भएको र पालिकाबाट मिति २०८१।२।१ मा ऐन नियमानुसार कारबाहि गरि क्षतिपूर्ति असुल गर्ने निर्णय भएकोले सो को कार्यान्वयन गर्नुपर्दछ । |
| १।०७६।७७ | देउराली निर्माण सेवा।धुपुसेरा देखि स्वामीधारा सडक | १३६८४५३२ | ११६७२६३७ | २०७७।२।५ | २०७८।१।३१ | २०६८००० | ० | कार्यसम्पादन जमानत बेरुजु गत वर्ष समाबेश भएको र पालिकाबाट मिति २०८१।१।१२ मा ऐन नियमानुसार कारबाहि गरि क्षतिपूर्ति समेत रु.३७६३८००।०० निर्माण ब्यबसायीबाट असुल गर्ने निर्णय गरि पत्राचार गरेको हुदाँ निर्माण ब्यबसायीबाट असुल गर्नुपर्दछ । |
| ८।०७७।७८ | जय धनन्जय।श्री महागौरी। अरुण बरुण जे.भि.खाँदबारी। त्रिवेणी धाम बाहबिसे सभापोखरी पर्यटकिय क्षेत्र निर्माण | ३४४२३९२४ | ० | २०७८।१०।२८ | २०८०।३।३० | ५९३२००० | ० | पालिकाले बजेट अभाब भएको कारण जनाई निर्माण काम शुरु नभएको उल्लेख गरेको छ । |
| २।०८०।८१ | सनम।निर्जरा जे.भि.। जनज्योति मा.बि. २४ कोठे भवन निर्माण | ८३९१५३४ | ० | २०८०।८।१३ | २०८१।३।२४ | १०००००० | १४६३००० | पालिकाबाट मिति २०८१।४।१८ मा ऐन नियमानुसार कारबाहि गरि खरिद सम्झौता अन्त्य गर्ने र कालोसूचिमा राख्न लेखि पठाउने निर्णय भएकोले सो को कार्यान्वयन गर्नुपर्दछ । |

**(विस्तृत विवरण बेरूजु दफा १०१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०१.२ **निर्माण ब्यबसायीबाट पेश्कि फिर्ता रकम:** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । देउराली पाङ्गा सडक स्तरोन्नतिको काम गर्न ठेक्का नं.२।०७८।७९ बाट निर्माण व्यबसायी शुभ एण्ड ध्रुब कन्स्ट्रक्सन खोटाङ्ग बिच रु.११०८३७८३।०० मा मिति २०७८।११।१० गते सम्झौता भएकोमा निर्माण ब्यबसायीले रु.२१००००००।०० पेश्की लिई काम नै शुरु नगरेकोले नेपाल बैंक लिमिटेडमा रखेको पेश्कि जमानत रकम रु.२१००००००।०० जफत गरि गो.भौ.नं.५०।२०८०।३।९ बाट पालिकाको आन्तरिक राजश्व खातामा राखेको छ । उक्त योजना प्रदेश समपुरको रहेको र निर्माण ब्यबसायीलाई पेश्की प्रदेश बजेटबाट दिएको हुदाँ रु.२१००००००।०० प्रदेश संचितकोषमा फिर्ता गर्नुपर्ने रु.....

**(विस्तृत विवरण बेरूजु दफा १०१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००,००० |

१०१.३ **कार्यसम्पादन जमानत जफत गर्नुपर्ने:** सार्वजनिक खरिद ऐन 2063 को दफा 59 मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम 128 अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा 63 अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । संघिय सरकारको पूँजिगत शिर्षकबाट वडा नं.१ को जनज्योति मा.बि. २४ कोठे भवन निर्माण गर्न ठेक्का नं.२।०८०।८१ बाट निर्माण व्यबसायी सनम।निर्जरा जे.भि.संखुवासभा बिच रु.८३९१५३४।०० मा मिति २०८१।३।२४ गतेसम्म सम्पन्न गर्ने गरि मिति २०८०।८।१३ गते सम्झौता भएकोमा निर्माण ब्यबसायीले पेश्कि लिई काम नै शुरु नगरेको कारण जनाई गाउँपालिकाले पेश्कि जमानत जफत गरेको पाइयो । गाउँपालिकाले निर्माण ब्यबसायीले सम्झौता अनुसार काम नगरेकोले राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा कार्यसम्पादन जमानत वापत राखेको रु.१०००००००।०० जफत गरि निर्माण ब्यबसायीसँग भएको सम्झौता अन्त्य गरि निर्माण ब्यबसायीलाई कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंमा लेखि पठाउने निर्णय मिति २०८१।४।१८ गते गरेको हुदाँ उक्त निर्णयको कार्यान्वयन गरि कार्यसम्पादन जमानत जफत गरि सम्बन्धित संचितकोषमा दाखिला हुनुपर्ने रु.....

**(विस्तृत विवरण बेरूजु दफा १०१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

१०१.४ **निर्माण काम शुरु नभएको:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ को उपनियम ५ मा सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा बहुबर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट ब्यवस्था भएपछि र अन्य बर्षको लागि खरिद कारबाही गर्दा आवाश्यक बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही शुरु गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबारले ७० प्रतिशत र गाउँपालिकाले ३० प्रतिशत लागत साझेदारी ब्यहोर्ने गरि खाँदबारी।त्रिवेणी धाम बाहबिसे सभापोखरी पर्यटकिय क्षेत्र निर्माणको काम ठेक्का नं. ८।०७७।७८ बाट जय धनन्जय।श्री महागौरी।अरुण बरुण जे.भि.खाँदबारीसँग रु.३४४२३९२६।०० मा मिति २०७८।१०।२८ मा सम्झौता भएको र सो काम मिति २०८०।३।३० गतेसम्म सम्पन्न गर्ने अबधि रहेको छ । सम्झौता गरेको बर्ष संघिय मन्त्रालय र गाउँपालिकाले बजेट ब्यबस्था गरेको भएतापनि निर्माण ब्यवसायीले सम्झौता मितिले ५ महिनासम्म सम्झौता तथा कार्यतालिका बमोजिम निर्माण काम शुरु नहुनुको साथै निर्माण ब्यबसायीले प्रचलित कानून र सम्झौताको उल्लंघन गरेको देखिएको भए पनि पालिकाले निर्माण ब्यबसायीलाई आवाश्यक कारबाहि गरेको तथा निर्माण कामको म्याद थप समेत गरेको छैन । निर्माण ब्यबसायीले निर्माण काम शुरु गरेको भए बजेट ब्यबस्था हुने हुदाँ सो काम अगाडि बढ्न सक्ने देखिएकोले काम शुरु नभएको कारण पालिका समेतका निकायबाट बजेट बिनियोजन नभएको जनाई निर्माण काम अधुरो रहेको अवस्था छ । यसरी बजेट सुनिश्चितत नभई ठेक्का बन्दोबस्त गर्ने तथा बजेट बिनियोजन नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ । निर्माण ब्यबसायीले कार्यसम्पादन जमानत कृषि बिकास बैंक खाँदबारी शाखाको रु.५९३२०००।०० राखेको र गाउँपालिकाले उक्त बैंकलाई मिति २०८०।११।१० गते गाउँपालिकाको नाउँमा जारी गरेको कार्य सम्पादन जमानत नं. पि.बि.।०३४।

००२७।४७३८।२२ (रु.५९३२०००।००) यस कार्यालयबाट फुकुवा आदेश नभएसम्मको लागि रोक्का राख्न पत्राचार गरेको पाईयो । ऐन,नियम तथा सम्झौताको शर्त बमोजिम हर्जाना लगाउने गरि म्याद थप तथा बजेट ब्यबस्था गरि निर्माण काम सम्पन्न गराई ठेक्का फरफराक गर्नुपर्ने अन्यथा आवाश्यक प्रक्रिया पुरा गरि कार्यसम्पादन जमानत वापतको रकम रु.५९३२०००।०० असुल गर्नुपर्ने रु.....

**(विस्तृत विवरण बेरूजु दफा १०१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,३२,००० |

१०१.५ **पेश्कि फिर्ता रकम धरौटीमा राखेको:** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक,सशर्त,बिशेष अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभइ मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचितकोषमा फिर्ता गर्नुपर्दछ । संघिय सरकारको पूँजिगत शिर्षकबाट वडा नं.१ को जनज्योति मा.बि. २४ कोठे भवन निर्माण गर्न ठेक्का नं.२।०८०।८१ बाट निर्माण व्यबसायी सनम।निर्जरा जे.भि.संखुवासभा बिच रु.८३९१५३४।०० मा मिति २०८०।८।१३ गते सम्झौता भएकोमा निर्माण ब्यबसायीले रु.१४६५०००।०० पेश्की लिई काम नै शुरु नगरेकोले प्रभु बैंक लिमिटेडमा राखेको पेश्किको बैंक जमानत रकम रु.१४८००००।०० जफत गरि गो.भौ.नं.१६।२०८१।३।३१ बाट पालिकाको धरौटी खातामा राखेको छ । उक्त योजना संघिय बिशेष अनुदान रहि सोहि शिर्षकबाट पेश्की दिएको हुदाँ रु.१४८००००।०० संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.....

**(विस्तृत विवरण बेरूजु दफा १०१.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,८०,००० |

१०२ **अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम:**

गाउँपालिका भित्र अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन गर्नको लागि सभापोखरी गा.पा.र करुणा फाउण्डेशन नेपाल बिच आर्थिक वर्ष २०७७।७८ मा सम्झौता भई ३ वर्ष लागत साझेदारीमा बिभिन्न कार्यक्रमहरु संचालन गरेकोमा उक्त अबधि समाप्त पश्चात यस आर्थिक बर्ष २०८०।८१ को लागि उक्त संस्थाको प्राबिधिक सहयोग हुने गरि पालिका र प्रदेश सरकारबाट ब्यहोर्ने गरि स्विकृत कार्यक्रम अनुसार बिभिन्न कृयाकलापहरु संचालन गरि रु.१६६४३०४।०० खर्च भएको पाईयो । आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई बितरण गर्न ड्राईलेट कुर्चि लगायतका ४ आइटमका २० वटा परिमाणका सामानहरु उमा सर्जिकल एण्ड सप्लायर्स बिराटनगरबाट खरिद गरि गो.भौ.नं.४३।२०८१।३।२४ बाट रु.९९२४०।०० भुक्तानि दिएकोमा सो सप्लायर्सको मू.अ.कर बिजक सक्कल पेश नगरि फोटोकपि बिजक पेश गरेको आधारमा भुक्तानि दिएको नियमसम्मत नहुनुको साथै ति खरिद गरेका सामानहरु सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरुलाई बितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,२४० |

१०३ **पाँच शैय्या अस्पताल निर्माण**

१०३.१ गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तर्गत ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी काठमाडौ सँग मिति २०८०।३।३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।४।१७ मा रु. ६९७०८१४३।०० सम्झौता भई यो वर्ष पाँचौं,छैठौं र सातौं रनिङ्ग विल बापत रु. २०८३७९०८।०० समेत जम्मा रु.४६०३४४५५।०० भुक्तानी भएको पाईयो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

१०३.२ **निर्माण कामको म्याद थप सम्बन्धमा:** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध

गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी काठमाडौ सँग मिति २०८०।३।३० ( २ बर्ष ) मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।४।१७ मा सम्झौता भएकोमा निर्माण ब्यबसायीले कर्षातको कारण १ बर्ष म्याद थप माग गरेकोमा निर्माण ब्यबसायीले समयमा नियम तथा सम्झौता बमोजिम निर्माण काम गर्ने प्रयास गरे नगरेको बिश्लेषण नगरि माग बमोजिम मिति २०८१ आषाढ मसान्तसम्म १ वर्ष म्याद थप गर्ने निर्णय गाउँकार्यपालिकाको मिति २०८०।३।१३ गते गरेको र दोश्रो पटक पनि निर्माण ब्यवसायीले भेरिएशन तथा बर्षातको कारण देखाई ६ महिना म्याद थप माग गरे अनुसार निर्माण ब्यबसायीको माग बमोजिम मिति २०८१ पौष मसान्तसम्म ६ महिना म्याद हर्जाना लगाउने गरि म्याद गर्ने निर्णय गाउँकार्यपालिकाको मिति २०८१।३।९ गते गरेको पाइएकोले निर्माण ब्यबसायीले सम्झौता गर्दाको बखतनै पूर्बानुमान भएको बर्षातको कारण म्याद थप माग गरेकोमा सोहि अनुसार माग बमोजिम म्याद थप गर्नु नियमसम्मत भएको मान्न सकिएन । निर्माण ब्यबसायीले सम्झौता तथा कार्यतालिका अनुसार काम नगरेको कारण प्रथम पटक एकैचोटि ५० प्रतिशत वर्षातको कारण जनाइ म्याद थप गर्दा नै हर्जाना असुल गर्ने गरि म्याद थप गर्नुपर्नेमा सो नगरेको कारण संघिय सरकारलाई बढि ब्ययभार पर्न गएको हुनाले म्याद थप गर्नु उचित नदेखिएकोले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले म्याद थप गर्नु अगाडि नियम तथा सम्झौतामा भएका प्राबधानहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पुन एउटै कारण देखाई गाउँपालिकाले म्याद थप गरेको देखिएकोले नियममा भएको व्यवस्था बिपरित म्याद थप गर्दा निर्माण व्यवसायीले नियम तथा सम्झौता अनुसार काम सम्पन्न नगर्ने परिपाटिको बिकास भएको पाइयो । यसरी निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले पालिकालाइ थप ब्ययभार पर्न गएको एवम निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन ।

१०३.३ **बिमाको म्याद अपुग सम्बन्धमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी निर्माण काम शुरु भए देखि त्रुटि सच्याउने अवधि भन्दा थप एक महिना अवधिको वीमा गराउनु पर्ने तथा शुरु अबधिदेखि वीमा गराएर मात्र निर्माण व्यवसायीले कबोल गरेको बीमा वापतको रकम भुक्तानि गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी काठमाडौ सँग मिति २०७८।४।१७ गते रु.६९७०८१४३।०० मा सम्झौता भएकोमा सो अबधिमा काम सम्पन्न नगरेको कारण मिति २०८१ पौष मसान्तसम्म म्याद थप गरेको छ । उक्त निर्माण कामको मिति २०८२ माघ मसान्तसम्म बिमाको म्याद हुनुपर्नेमा निर्माण ब्यबसायीले सम्झौता अबधिबाट बिमा नगरि एक वर्ष ढिलो गरि मिति २०७९।३।९ ( २०२२।६।१३) मा मात्र यूनाइटेड अजोड ईन्स्युरेन्स लिमिटेडबाट बिमा गरेको पाईयो । यसरि नियम तथा सम्झौता बमोजिम निर्माण कामको बिमा शुरु मिति देखि गर्नुपर्नेमा एक बर्ष पश्चात मात्र बिमा गरि निर्माण ब्यवसायीलाई बिमा वापतको रकम पूरै भुक्तानि दिन मिल्ने नदेखिएकोले बिमा वापत भुक्तानि भएको रु.२००००००।०० को दामासाहीले हुने रु.१००००००।०० निर्माण ब्यबसायीबाट असुल गरि संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । यसरी निर्माण ब्यबसायीले मिति २०७९।३।९ ( २०२२।६।१३) देखि २०८०।३।२९ (२०२३।७।१३) सम्म बिमा गरेकोमा निर्माण कामको म्याद थप भए अनुसार बिमाको म्याद थप नगरि मिति २०८०।९।२ (२०२३।१२।१८) देखि मिति २०८१।४।३१ ( २०२४।८।१५ ) सम्म थप गरेको प्रमाण पेश गरेकोले निर्माण अबधिको बिचको समय अर्थात मिति २०८०।३।३० देखि २०८०।९।२ सम्म ५ महिना ३ दिनको बिमाको म्याद थप गरेको तथा मिति २०८१।४।१ देखि २०८१ पौष मसान्तसम्म ६ महिनाको बिमाको म्याद थप गरेको पाइएन । साथै बिमाको सम्पूर्ण कागजातहरु सक्कल पेश नभई फोटोकपि संलग्न देखिएको हुदाँ निर्माण ब्यबसायीबाट रु.१००००००।०० असुल गरि संघिय संचितकोषमा दाखिला गरेको प्रमाण सहित बिमा अबधि खाम्ने गरि बिमा गरेको सम्पूर्ण बिमा कागजातहरु सक्कल पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

१०३.४ **निर्माण सामाग्रि प्रयोग वापतको कर असुलि:** सभापोखरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ११ अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ढुङ्गा,गिट्टी,बालुवा,माटो,काठ दाउरा,जराजुरी,खरीढूङ्गा आदि प्राकृतिक वस्तुहरुको बिक्रि तथा निकासी शुल्क अनुसूचि

१० बमोजिमको दरमा असुल गरिने उल्लेख गरेको छ । ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी काठमाडौ सँग रु. ६९७०८१४३।०० सम्झौता गरि जम्मा रु.४६०३४४५५।०० भुक्तानी भएको छ । निर्माण ब्यबसायीले अस्पताल निर्माणको लागि ढुङ्गा,गिट्टी,बालुवा लगायतको निर्माण सामाग्रि पालिकाको कार्यक्षेत्र भित्रबाट संकलन गरि प्रयोग गरेको जनाई यस बर्ष निर्माण ब्यबसायीको रनिङ्ग बिल भुक्तानिमा कट्टा गरेको भएतापनि उक्त ठेक्का बिगत ३ वर्ष पहिला देखि संचालन भएकोले निर्माण कामको प्राबिधिक मूल्यांकन अनुसार प्रयोग भएको निर्माण सामाग्रिको निकासी कर निर्माण ब्यवसायीबाट असुल गरि भुक्तानि दिनुपर्दछ ।

१०३.५ **बिस्तृत नापी बिना भुक्तानि:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं.७।०७७।७८ को ५ शैय्याको अस्पताल निर्माण कार्यका लागि चक्रेश्वरी जोशी जेभी काठमाडौ सँग रु. ६९७०८१४३।०० मा सम्झौता भई यो वर्ष पाँचौं,छैठौं र सातौं रनिङ्ग विल बापत गो.भौ.नं.२,५,८ र ९ बाट रु. २०८३७९०८।०० समेत जम्मा रु.४६०३४४५५।०० भुक्तानी भएको छ । पालिकाले देहायका आइटमहरुमा लागत अनुमान एकमुष्ट तथा प्रतिशतको आधारमा परिमाण समाबेश गरि प्राबिधिक मूल्यांकनमा समेत बिस्तृत नापी बेगर सोहि आधारमा समाबेश भुक्तानि दिएको पाइएकोले सोहि आधारमा भुक्तानि दिन मिल्ने नर्मसको आधारमा बिस्तृत नापी समेतको प्रबिधिक पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु....

| आइटम नं. | आइटमको नाम | प्राबिधिक मूल्यांकनको कुल परिमाण | नर्मस तथा बिस्तृत नापी बेगर भुक्तानि परिमाण | भुक्तानिको दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| ११.२० | Plastering works for hidden area | ४५३२.४९ | २२६.६२ | ५०० | ११३३१० |
| ५.१० | Steel Reinforcement मा Lapping and Wastage 7 % | २२७८.८४ | १५९.५२ | ११५ | १८३४५ |
| ६.१० | बिम र पिलरमा Lapping and Wastage 5 % | ५५२४८.४४ | २७६२.४२ | ११५ | ३१७६७८ |
| | जम्मा (मू.अ.कर समेत) | | | | ५०७७४६ |

**(विस्तृत विवरण बेरूजु दफा १०३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०७,७४६ |

१०४ **रितपूर्बकको कर बिजक –**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायीसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं ३।०८०।८१ का निर्माण व्यवसायी जय शम्भु।कार्कि जे.भि.ईलामले एउटै सिलसिलेबार नं भएको कर बिजक प्रयोग गर्नुपर्नेमा सो निर्माण व्यवसायीले एउटै सिलसिलेबार नं. भएको मू.अ.कर बिजक पेश नगरि देहाय अनुसार फरक फरक सिलसिलेबार नं. भएको मू.अ.कर बिजक पेश गरि मु.अ.कर रु.१९६९२३६।०० समेत रु.१७११७२२५।०० भुक्तानि गरेको छ । तसर्थ उक्त निर्माण व्यवसायीले फरक फरक कर बिजक पेश गरि भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.....

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | बिजक नं | बिजक जारि मिति | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|---|
| ६ र १२।२०८०।१२।२८ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ६२०८४०९२३ | १ | २०८०।१२।२५ | ४१६०७४० | ४७८६६९ |
| ७ र २१।२०८१।२।२ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ६२०८४०९२३ | ०२ | २०८१।१।२५ | ३३९८४२८ | ३९०९६९ |
| ९ र १३।२०८१।२।२८ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ६२०८४०९२३ | ०३ | २०८१।२।२३ | २७९९००६ | ३२२००९ |
| १६,३१,३३।०८१।३।११ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ६२०८४०९२३ | ०४ | २०८१।३।१० | १७६६४६८ | २०३२२२ |
| १९,४२।२०८१।३।२४ | जय शम्भु।कार्कि जे.भि.ईलाम | ६२०८४०९२३ | ०५ | २०८१।३।२३ | ४९९२५८३ | ५७४३६७ |
| | **जम्मा** | | | | **१७११७२२५** | **१९६९२३६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,६९,२३६ |

## १०५ कैलास मा बि पावा

१०५.१ राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम २०७९।८० अन्तर्गत कैलाश मा बि पावा निर्माण कार्यका लागी सुधार कार्यक्रमवाट रु ५५००००००,पालिकावाट रु ११९७८२० र बिद्यालय निर्माण समितिवाट रु ११९७८२० लागत ब्यहोर्ने गरी सम्झौता भई गत बर्ष कार्यक्रमवाट रु ५५,००,०००(गत बर्षको प्रमाण पेश गर्नु पर्ने कायम बेरुजु) बिद्यालयको खातामा पठाई रोक्का राखेको रकम वाट २२१।८१।३।२१ सम्म तेश्रो विल सम्म रु ७११८८११ को कार्य भई फुकुवा रकम रु ५४९९९९९ समेत रु ६०३८८८६ भुक्तानी गरेको पाईयो ।तेश्रो विल सम्मको कार्यसम्पादनका आधारमा सम्झौताको शर्त अनुसार कार्य प्रगतिका आधारमा शैक्षिक सुधार कार्यक्रम वाट ६९.६५ प्रतिशत अर्थात रु ४९५८२५१ मात्र निकाशा(फुकुवा) दिनु पर्नेमा रु ५४१७४७ बढि निकाशा फुकुवा दिएको पाईयो । सम्झौता बमोजिम समानुपातिक योगदान गर्नु पर्नेमा पालिका तर्फ न्यून योगदान गरी शैक्षिक सुधार कार्यक्रम तर्फ बढि खर्च लेखेकोले कार्य प्रगतिका आधारमा खर्च गरी बचत रकम संघीय सञ्चितकोष फिर्ता गर्नु पर्दछ ।

१०५.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गौ भौ न २२१।८१।०३।२१कैलाश मा.वि पावा निर्माण कार्य गराउदा प्रयोग भएको फलामे डण्डी वापत भुक्तानी गर्दा ११४९८ के.जी नापजाँच गरी ७ प्रतिशत वेस्टेज जनाई थप ८०४ केजी विस्तृत नापजाँच नगरी सो वापत रु ८९७७६ भुक्तानी दिएकोले उक्त ७ प्रतिशत वेस्टेज वापतको परीमाणको विस्तृत नापी पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,७७६ |

## १०६ चिस्यान केन्द्र जडान नभएको

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । दुग्ध चिस्यान केन्द्र निर्माणको लागि प्रदेश शसर्त पूँजिगतको गो.भौ.नं.४।२०८१।३।१० बाट रु.७००००००।०० र गा.पा.पूँजिगतको गो.भौ.नं.२०१।२०८१।३।१० बाट रु.६२५३०।०० गरि जम्मा रु.७६२५३०।०० को आशिष ईन्जिनियरिङ्ग उद्योग बिराटनगरबाट चिलिङ्ग भ्याट,जेनेरेटर र मिल्क एनालाईजर खरिद गरि वडा नं. २ को वडा कार्यालयमा मौज्दात रहेको कार्यालयबाट जानकारी प्राप्त भएको भएतापनि मिति २०८१।३।५ गतेको निरिक्षण प्रतिबेदनमा सामान मौज्दात रहेको स्थान उल्लेख नगरि प्रतिबेदन दिएको पाईयो । यसरी प्रदेश सरकारबाट प्राप्त रकम फिर्ता नगराउने उद्धेश्यले खरिद गरि मात्र राखेको देखिएकोले ति सामानहरु स्विकृत कार्यक्रम तथा प्रदेश सरकारको शर्त बमोजिम दुग्ध संकलन केन्दरमा जडान गरि चिस्यान केन्द्र निर्माण तथा संचालन भएको पुष्टि हुने जडान सम्पन्न प्रतिबेदनको अतिरिक्त अनुगमन प्रतिबेदन समेत पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६२,५३० |

१०७ **सभाखोला लघुजलबिद्युत कार्यसमूहलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । गाउँपालिकाले वडा नं. ७ मा रहेको सभाखोला लघु जलविद्युत परियोजनाको लागि सामाग्री खरिद तथा मर्मत गर्न गाउँकार्यपालिकाको मिति २०८०।१२।१० गतेको निर्णयले संघिय पूँजिगतबाट गो.भौ.नं.४५।२०८०।३। २४ बाट रु.४००००००।०० अनुदान दिएको र सो को बिल भरपाईहरु आंशिक पेश गरेकोमा पेश भएका बिल भरपाइहरु फोटोकपि पेश गरेको पाइयो । यसरि संघिय पूँजिगतको बजेटबाट स्विकृत नभएको कार्यक्रममा प्रतिस्पर्धा गरि ठेक्का लगाउदाँ बचत भएको रकमबाट नाफामूलक जलविद्युत कार्यसमूहलाइ अनुदान दिन मिल्ने नदेखिएकोले उक्त रकम फिर्ता प्राप्त गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००,००० |

१०८ **मर्मत संभार कोष**

१०८.१ मर्मत संभार कोष संचालन निर्देशिका, २०७६ को ८ मा गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत संभार,आवधिक मर्मत संभार,पटके मर्मत संभार उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार,पटके मर्मत संभार,आवधिक मर्मत संभार,आकस्मिक मर्मत संभार प्रचलित कानून बमोजिम हुनेछ भन्ने उल्लेख भएको छ । पालिकाले यस वर्ष मर्मत संभार कोषबाट बिभिन्न सडकहरुको मर्मत अमानत तथा कोटेशनको माध्यमबाट गराइ रु.२५७८६१५।०० खर्च गरेको पाईयो । कार्यबिधिमा व्यवस्था भए बमोजिम पालिकाले मर्मतको काम उपभोक्ता समितिहरुबाट नगराई कार्यालयका ईक्विपमेन्ट तथा भाडाको सवारी साधनहरु प्रयोग गरि अमानत तथा कोटेशनबाट गराएको कारण कार्यबिधिको मर्म बिपरित काम गराएको नियमसम्मत देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

१०८.२ सभापोखरी हाइड्रोपार कम्पनीबाट राजश्व दाखिला नभएको: गाउँपालिकाको वडा नं. वडा नं. ३ मा रहेको सभापोखरी हाइड्रो पावर कम्पनी लिमिटेडले हाइड्रोपारका संरचना निर्माण गर्दा यस गाउँपालिकाको प्राकृतिक श्रोतहरु गिट्टी,ढुङ्गा,बालुवा लगायतका बस्तुहरु परिचालन तथा उपयोग गरे वापत कम्पनीले पालिकामा राजश्व दाखिला नगरेको जनाई मिति २०७९।८।२५, २०८०।१।२४ र २०८०।२।१२ मा ताकेता गरेको देखिएकोमा कम्पनीले राजश्व दाखिला गरेको पाइएन । तसर्थ पालिकाले उक्त कम्पनीले के कति निर्माण सामाग्रिहरु प्रयोग गरेको हो र सो वापत लाग्ने राश्वव कति प्राप्त गर्नुपर्ने सो को अध्याबधिक लगत नराखेको कारण कम्पनिलाई पत्राचार गर्दा बुझाउनुपर्ने परिमाण र रकम नखुलाई पत्राचार गरेको देखिएको हुदाँ कम्पनीबाट प्राप्त हुन बाँकि राजश्व र सो को जरिवाना समेत असुल उपर गरि प्रमाण पेश हुनुपर्दछ । साथै पालिकाले यसरी प्राकृतिक श्रोतहरुको बिक्रि बितरण गर्दा प्रचलित कानूनको अबलम्बन गरि राजश्व बुझाए पश्चात मात्र निर्माण सामाग्रि निकासि अनुमति दिनुपर्ने देखिएकोले यस प्रकारको कारोबारमा प्रचलित ऐन नियमको परिपालना गर्नु गराउनु पर्दछ ।

१०८.३ **हाइड्रोपावरहरुबाट प्राप्त हुनुपर्ने रकम सम्बन्धमा:** गाउँपालिका भित्र रहेका सभापोखरी हाइड्रो, अर्विट इनर्जि ए, अर्विट इनर्जि बि,लखुवा हाइड्रो लगायतका कम्पनिहरुको लागि आवाश्यक पर्ने कच्चा पदार्थ तथा सामाग्रीहरुको ढुवानीमा प्रयोग हुने हेभि सवारी साधनहरुले मुख्य गरि सभापोखरीको बाहबिसे खाँदबारी सडक र अन्य सडकहरु बिग्रन गएकोले गाउँकार्यपालिकाको मिति २०८०।४।२७ गतेको बैठक नं. २ को निर्णय अनुसार अर्विट इनर्जिबाट रु.५००००००।०० र लखुवा हाइड्रोबाट रु.३००००००।०० माग गरि बाहबिसे खाँदबारी सडक मर्मत गर्ने निर्णय भएकोमा यस वर्ष सभापोखरी हाइड्रोबाट रु. २००००००।०० प्राप्त भएको भएतापनि अन्य हाइड्रो कम्पनीहरुबाट निर्णयानुसार रकम प्राप्त भएको देखिएन । पालिकाको निर्णय अनुसार हाइड्रो कम्पनीहरुबाट प्राप्त हुनुपर्ने रकम प्राप्त गरि सो को हिसाब तथा अभिलेख राखि पालिका भित्रका सम्बन्धित सडकहरु मर्मत गरि सडकलाइ सुचारु गराउनु पर्दछ ।

१०८.४ **सडक मर्मत अनुगमन सम्बन्धमा:** स्थानिय सरकार संचालन ऐन,२०७४ मा पालिकाबाट संचालन भएको योजनाहरुमा उपाध्यक्षको अध्यक्षतामा भएको अनुगमन समितिले अनुगमन लागत अनुमान अनुसार निर्माण काम भएको भए भुक्तानि सिफारिस भए पश्चात मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले अमानतबाट धुपु खोला देखी पाङ्ठा खोला सडक खण्ड मर्मतको रु.६३५०१४७।०० र पाङ्ठा खोला राम्चे सडक खण्ड मर्मतको रु.२३१३५८१।०० प्राबिधिक मूल्यांकन भएकोमा अनुगमन समितिको मूल्यांकन तथा सिफारिस बिना भुक्तानि दिएको पाइएकोले उक्त कार्य नियमसम्मत नभएको हुनाले यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ ।

१०८.५ पालिकाबाट सडक मर्मत: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने, अमानतबाट काम गर्नु पर्दा सो कामका लागि आवश्यक पर्ने प्रावधिक सेवा र निर्माण सामाग्री सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने र अमानतबाट गरिने कार्य रु.एक लाखमा नबढाई गर्नुपर्ने उल्लेख छ । बाहबिसे खाँदबारी सडक खणडको बिभिन्न स्थान मध्ये बिशेष गरि पाङ्ठा खोला राम्चे सडक खण्ड र धुपु खोला देखी पाङ्ठा खोला सडक खण्डमा ढुवानी व्यवसायीहरुबाट सभाखोलाको सबबेश ढुवानी गराई सबबेश बिछ्याउन ईन्धन कार्यालयबाट खरिद गरि कार्यालयका जे.सि.बि.र एक्साभेटर संचालन गरेको जनाई पालिकाले यस मर्मत संभार कोष र गाउँपालिका पूँजिगतबाट खर्च गरेको पाईयो । सभाखोलाको सबबेश ढुवानीमा पाङ्ठा खोला राम्चे सडक खण्डमा रु.८१४०००।०० र धुपु खोला देखी पाङ्ठा खोला सडक खण्डमा रु.६८७०००।०० गरि जम्मा रु.१५०१०००।०० ढुवानी गरे वापत ढुवानी व्यवसायीहरुलाई भुक्तानि दिने गाउँकार्यपालिकाको मिति २०८०।८।२८ गतेको बैठकको निर्णय अनुसार यस मर्मत संभार कोषबाट रु.६९६६२३।०० र डिजल ३३०० लिटर रु.५७२२१५।०० खरिद गरेको देखियो । कार्यपालिका बैठकबाट निर्णय गरि काम गराएको भएतापनि अमानत,कोटेशन,उपभोक्ता समिति वा प्रतिस्पर्धा कुन बिधिबाट सडकमा सबबेशको काम गराउने भन्ने सम्बन्धमा खरिदको कुन बिधि अनुसार काम गर्ने बारेमा निर्णय गरेको नपाइएकोले पालिकाबाट सबबेश बिछ्याउने काम अमानतबाट गरेकोले अमानतबाट गर्ने खरिद बिधिको पालना गरेको पाइएन । यसरी यस कोष र अन्य शिर्षकबाट ईन्धन खरिद गरि कार्यालयका ईक्विपमेन्टहरुबाट सडक मर्मत गरेको जनाई धुपु खोला देखी पाङ्ठा खोला सडक खण्डको प्राबिधिक मूल्यांकन रु.६३५०१४७।०० र पाङ्ठा खोला राम्चे सडक खण्डको प्राबधिक मूल्यांकन रु.२३१३५८१।०० भएको प्रतिबेदन तयार गरेकोमा प्राबिधिक मूल्यांकनमा प्रयोग भएको ईन्धन,बजेट श्रोत नखुल्ने एवम खरिद गरेको ईन्धन कुन सडक खण्डमा प्रयोग गर्न खरिद गरेको हो स्पष्ट खुल्ने गरि अभिलेख राखेको पाइएन । यसरी प्राबिधिक मूल्यांकन अनुसार खपत भएको ईन्धनको सम्बन्धमा यकिन भन्न सकिएन । पालिकाले सडकमा सबबेश बिछ्याने काम गराउदाँ सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया बमोजिमको प्रक्रिया पूरा नगरि सडक मर्मत कोषबाट ईन्धन खरिद तथा सबबेश ढुवानीमा देहाय अनुसार रु १२६८८३८।०० खर्च गरेको नियमित नदेखिएको रु.

| गो.भौ.नं.र मिति | रकम | बिबरण | भुक्तानि पाउनेको नाम |
|---|---|---|---|
| ३।२०८०।६।२४ | ५७२२१५ | डिजल ३३०० लिटर | महालक्ष्मी अटो मोवाइल फ्यूल सेन्टर,खाँदबारी |
| ४।२०८०।११।२ | १८६००० | ग्राभेल ढुवानी | फाबेन ढुवानी सेवाको बिल संलग्न रहेकोमा जनम लिम्बुलाई भुक्तानि |
| ७।२०८०।११।१४ | ७६६६७ | ग्राभेल ढुवानी | बिमला परियार |
| ८।२०८०।११।१४ | २५४२२२ | ग्राभेल ढुवानी | सुवास कालाखेति |
| ९।२०८०।१२।४ | ७६६६७ | ग्राभेल ढुवानी | चन्द्र बहादुर लिम्बु |
| १०।२०८१।१।१४ | ९१६६७ | ग्राभेल ढुवानी | शर्मिला दाहाल |
| १७।२०८१।३।११ | ११४०० | ग्राभेल ढुवानी | बद्रि कालाखेति |
| **जम्मा** | **१२६८८३८** | | |

**(विस्तृत विवरण बेरुजु दफा १०८.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १२,६८,८३८ |

१०९ **सोलार बत्ति जडान नभएको –**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक बिद्यालयहरुमा जडान गर्नको लागि संघिय शसर्त पूँजिगतको गो.भौ.नं.३४।२०८१।३।१९ बाट रु.५९९४००।०० को सोलार कन्स्ट्रक्सन एण्ड इनर्जि प्रा.लि.इटहरीबाछ २७ सेट सोलार खरिद गरि पालिकामा १८ सेट,वडा नं.१ मा ४ सेट र वडा नं. २ मा ५ सेट मौज्दात रहेको मिति २०८१।३।१० गतेको अनुगमन प्रतिबेदनमा पालिकामा मौज्दात रहेको १८ सेटको मात्र प्रतिबेदनमा उल्लेख गरेकोमा अन्य वडा कार्यालयमा रहेको अनुगमन प्रतिबेदनमा उल्लेख नगरेको कारण खुलाएको छैन । यसरी संघिय सरकारबाट प्राप्त रकम फिर्ता नगराउने उद्धेश्यले खरिद गरि मात्र गरेको र जडान नगर्दै जडान शुल्क वापत रु.२१५९९।०० भुक्तानि दिएको रकम असुल हुनुपर्दछ । यसरी ति सामानहरु स्विकृत कार्यक्रम तथा संघ सरकारको शर्त बमोजिम सम्बन्धित बिद्यालयमा जडान गरि निर्माण तथा संचालन भएको पुष्टि हुने कार्यसम्पन्न प्रतिबेदनको अतिरिक्त अनुगमन प्रतिबेदन समेत पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९९,४०० |

११० **परामर्श सेवा खरिद**

1= **सम्भाव्यता अध्ययन/डी.पी.आर** - सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष सम्म रु ३२५७३८३ तथा यस बर्ष १ अध्ययन कार्यका लागि रु ४९६८६४ समेत कुल रु ३७५४२४७ खर्च गरी १३ योजनाका लागी अध्ययन कार्य गराई प्रतिवेदन प्राप्त गरेको बिवरण पेश गरेको छ। यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता अध्ययन प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

| आ.व. | कार्यक्रमको नाम (सभापोखरी गाउँपालिका) | स्वीकृत बजेट | खर्च रकम | आयोजना लागत |
|---|---|---|---|---|
| ०७८।७९ | Detailed Project Report on Paireni - Noklung - Gaduwa - Bhirkuna Sadak (Ch: 0+000 to 5+908 km) | ५००००० | ४९७३५८ | ५०९२८२५८७ |
| | Detailed Project Report on Bagaicha - Bitalab - Harelo Road (Ch 0+000 to Ch 11+081 km) | ५००००० | ४९७२०० | ६५६२८७९२५ |
| ०७९।८० | Preparation of Detailed Project Report on Barhabasie to Dake Zero Point Blacktopped Road | | | ६०२०४७०६७ |
| | Preparation of Detailed Project Report on Dumsikut Picnic Spot | | | ६३९६७६५५ |
| | Preparation of Detailed Project Report on Dhupu Health Post | | | ४३१२१३३१ |
| | Preparation of Detailed Project Report on Janajyoti Ma. Bi. Dhupu School Building Construction | | | ८२३०४६३९ |
| | Preparation of Detailed Project Report on Baula Thumka Paryatakiya Chhetra tatha Sahid Smriti Park | | | ३३०३९५५२३ |
| | Prepartion of Detailed Project Report on Silsile Park | | | १६६४३७८२० |
| | Preparation of Detailed Project Report on Sabhapokhari Rural Municipality Administrative Building Construction | ३०००००० | २२६२८२५ | ८८८१३३१६ |
| | Preparation of Detailed Project Report on Pawa Bastola Gufadanda Paryatakiya Chhetra | | | १४२५८६००९ |
| ०८०।८१ | Preparation of Detailed Project Report on Kaduri Pul - Ward Office - Paireni Zeropoint Blacktopped Road Construction | | | |
| | Preparation of Detailed Project Report on Paireni Zeropoint to Chaplewa Blacktopped Road Construction | | | ३०९२८७३०५ |
| | Preparation of Detailed Project Report on Farewa Jharna Paryatakiya Sthal Nirman | ५००००० | ४९६८६५ | २९३२७७६३ |
| Total | | ४५००००० | ३७५४२४८ | ३०२३८५८९४० |

## १११ फुसको छाना बिस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ ।सशर्त अनुदान अन्तर्गत सुरक्षित आवास नागरिक आवास कार्यक्रम १६३ वटा संचालन का लागि २१००००० बजेट बिनियोजन भई प्रगतिका आधारमा रु १००००० । खर्च भएको अवस्थामा पालिकाले आफ्नो बजेट तथा कार्यक्रमवाट सोही कार्यक्रम संचालन गरी यस बर्ष २९ जनालाई रु १४५००००. भुक्तानी दिएको पाईएकोले दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गर्नु पर्दछ ।

## ११२ किसान सूचिकरण

किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को बुँदा नम्बर २० मा सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुबिधा सम्बन्धि व्यवस्था अनुसार सहजकर्ताले प्रत्येक किसानको बैयक्तिक विवरण तथा कृषि तथ्यांक संकलन गरी सूचना प्रणालीमा प्रविष्ट गरेबापत प्रति स्थानीय तह १००० सम्म घरधुरी भएकोमा प्रति घरधुरी १५० रुपैयाका दरले पारिश्रमिक पाउने उल्लेख गरेको छ ।भौ न १६२ मिति २०८१।०३।२७ बाट कर्मचारी विजय सिंहले रु २००००० पेश्की फस्यौट गरेकोमा विभिन्न समयमा नियुक्त भएका सहजकर्ताहरुलाई घरधुरी संख्याको आधारमा रकम भुक्तानी दिनुपर्नेमा एकमुष्ठ रु १५००० का दरले रकम भरपाई गरि खर्च लेखेकोलेकार्यबिधिको मापदण्ड विपरीत बढि खर्च लेखेको रकम असुल गर्नुपर्ने रु

| क्र.स. | गणकको नाम | सुचिकरण संख्या | दर | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | अनिता लिम्बु | ३७ | १५० | ५५५० | १५००० | ९४५० |
| २ | राम कुमारी पुलामी | ६४ | १५० | ९६०० | १५००० | ५४०० |
| ३ | बिनिता श्रेष्ठ | ८१ | १५० | १२१५० | १५००० | २८५० |
| ४ | विशाल लिम्बु | ३१ | १५० | ४६५० | १५००० | १०३५० |
| ५ | धन केशरी राई | ४९ | १५० | ७३५० | १५००० | ७६५० |
| ६ | ललिता राई | ८२ | १५० | १२३०० | १५००० | २७०० |
| ७ | कोपिला राई | २८ | १५० | ४२०० | १५००० | १०८०० |
| ८ | निर्मला राई | ३५ | १५० | ५२५० | १५००० | ९७५० |
| ९ | चन्द्र कुमारी तामाङ | ९५ | १५० | १४२५० | १५००० | ७५० |
| १० | सुजन राई | ४४ | १५० | ६६०० | १५००० | ८४०० |
| ११ | शारदा सिवा | ९९ | १५० | १४८५० | १५००० | १५० |
| १२ | पुजा कट्टेल | ८२ | १५० | १२३०० | १५००० | २७०० |
| १३ | बिपना राई | ९७ | १५० | १४५५० | १५००० | ४५० |
| १४ | सशिकला लिम्बु | २५ | १५० | ३७५० | १५००० | ११२५० |
| १५ | सुनिता वनेम | २२ | १५० | ३३०० | १५००० | ११७०० |
| जम्मा | | ८७१ | २२५० | १३०६५० | २२५००० | ९४३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,३५० |

## ११३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउनएवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्रप्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्रीरोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ७ वटायोजना सञ्चालन गरी यस वर्ष ६६ जनालाई औसत ९७ दिनले रोजगारी उपलव्ध गराई रु ४२६५१८० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दायोजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुनेगरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनिकामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिमव्यवस्थित तवरले कार्य सञ्चालन गर्नु पर्दछ ।

## ११४ छनौट को आधार पेश नभएको

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले लघु उद्यम विकास कार्यक्रम तर्फ भौ न ७७ मिति २०८१।०१।१३ बाट निम्न कार्यहरुका लागि देहाय बमोजिम कृषक फर्महरुलाई ५० प्रतिशत अनुदानमा विभिन्न ६ वटा मिनिटिलर वितरण भएकोमा कार्यक्रम संचालनका लागि सुचना प्रकाशन लाभग्राही छनौट हुने मापदण्ड र आधार खुलेको प्रमाण संलग्न गरेको छैन । जसवाट एउटै लाभग्राहीले पटक पटक सुविधा लिएको, लाभग्रहीलाई सामाग्रि वितरण गर्दा फरक फरक संख्यामा वितरण

गरेको पाईएकोले मापदण्ड सहित अनुदान वितरण सुचना प्रकाशन, आवेदन, आवेदन छनौटको मापदणड र आधार पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| लाभग्राही व्यक्ति तथा समुह | वितरण संख्या |
|---|---|
| भाङ्टार झरना कृषक समुह | १ |
| धर्मदेवी कृषि एवम् पशुपालन समुह | १ |
| जय कृषक समुह | १ |
| जनकल्याण थानी कृषक समुह | १ |
| देउराली कृषक समुह | १ |
| प्रगतिशिल महिला कृषक समुह | १ |
| जम्मा | ६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३९,५०० |

## ११५ धरौटी फिर्ता

सार्वजनिक नियमावली २०६४ को नियम १२४ मा निर्माण व्यवसायीलाइ रिटेन्सन मनि फिर्ता दिदाँ आन्तरिक राजस्व कार्यालयबाट मु अ कर समायोजन र कर चुक्ता प्रमाणपत्र पेश गरेको प्रमाणको आधारमा धरौटी रकम फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीहरुलाइ धरौटी रकम फिर्ता गर्दा घटि मू अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण बिना दिएकोले प्रमाण पेश हुनुपर्ने रु

| गौ.भौं.नं. र मिति | सप्लायर्स / पार्ट्री | मुअकर समायोजन रकम | फिर्ता हुनुपर्ने | फिर्ता भएको | बढि फिर्ता रकम रु |
|---|---|---|---|---|---|
| ३,२०८०।०८।१४ | अरुण बरुण निर्माण सेवा कम्पनी प्रा.लि. | १२४९७७४३ | ६२४८८७ | ७५४७८९ | १२९९०२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२१,६५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **७१,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२९,९०२ |

## ११६ सामाजिक सुरक्षा भत्ता वितरण

**:** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ४५३६९४६७।५६ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

**परदर्शिता र जवाफदेहिता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

**सार्वजनिक सुनुवाई :**स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

**अनुगमन :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

## ११७ अभिलेख व्यबस्थापन

**एम.आई.एस. विवरण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

**प्रतिवेदन :** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।

## ११८ हिसाब भिडान

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

## ११९ बैंक रुजु

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । तर पालिकाले सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी आवश्यक छानबिन गर्ने गरेको छैन ।

## १२० निष्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७को दफा २६(३) अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत

कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयसंग एक आर्थिक वर्षमा एक पटक पनि कारोवार नगर्ने लाभग्राहीको विवरण माग गरेकोमा २०८० साल असार देखि २०८१ साल असार महिना सम्मको देहायबमोजिमको विवरण प्राप्त भएको छ । लाभग्राहीहरुले एकपटक पनि कारोवार नगर्नुमा निजको मृत्यु भएको हो वा अन्य कारणले एकपटक पनि कारोवार नगरेको हो कारण पत्ता लगाई रकम फिर्ता गर्नु पर्ने-नपर्ने सम्बन्धमा कार्यालयद्वारा यकिन हुनुपर्दछ ।

| लाभग्राहीकोनाम | खाता नम्बर | जम्मा रकम |
|---|---|---|
| JANUKA KALAKHETI | ६९०१००००००००४८११०००० | ६२७६६ |
| BAL BIR KHANAL CHHETRI | ६९०१००००००००५८७१०००० | ६२३३५ |
| GARJA MAN GURUNG | ६९०१००००००००११०२१०००० | ६२०२७ |
| DHAN RAJ LIMBU | ६९०१००००००००५९९१०००० | ६१९९१ |
| MAN BAHADUR RAI | ६९०१००००००००६१९१०००० | ६१७५२ |
| TANKA PRASAD SAPKOTA | ६९०१००००००००८१४१०००० | ६१३४९ |
| DAMBAR BAHADUR LIMBU | ६९०१००००००००१३०२१०००० | ६११८२ |
| ADRIN MAHARA | ६९०१००००००००१०३३१०००० | ५९८७२ |
| SUBASH DASH | ६९०१००००००००२४७१०००० | ५८१४३ |
| LACHHI MAYA RAI | ६९०१००००००००६८७१०००० | ५१९७८ |
| BISNU MAYA LIMBU | ६९०१००००००००८३११०००० | ५०९७० |
| NIR MAYA WANEM LIMBU | ६९०१००००००००८३८१०००० | ५०६७५ |
| LAL BAHADUR TAMANG | ६९०१००००००००६१५१०००० | ४८९९१ |
| CHANDRA MAYA TAMANG | ६९०१००००००००२७०१०००० | ४८७३४ |
| KUL BAHADUR ADHIKARI | ६९०१००००००००३२३१०००० | ८७७३६ |
| SUKTA MAN RAI | ६९०१००००००००११५९१०००० | ७४६७५ |
| CHANDRA MAYA BISHWAKARMA | ६९०१००००००००१११९१०००० | ३३७२८ |
| DIL KUMARI PULAMI | ६९०१००००००००००३१०००० | ३२८८१ |
| PYAROJAN BISHWAKARMA | ६९०१००००००००१०२०१०००० | १३८०३ |
| ARON DARJI | ६९०१००००००००१३००१०००० | ८१३८ |
| SIMRAN SHREEWAL | ६९०१००००००००१२६२१०००० | ८१३८ |
| RIYANSHI SHREEWAL | ६९०१००००००००१३४५१०००० | ५९२२ |
| जम्मा रु | | १०६७७८६ |

## १२१ नागरिकता नम्बर एकै भएका लाभग्राही

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ६ वटा वडाकोप्रथम त्रैमासिककोनमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरीएकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| Ward Number | Personal Id | Member Name | Citizenship Number | Bank Account Number | Deposited Amount |
|---|---|---|---|---|---|
| २ | १९९१०९११००३०४ | Chandra Maya Tamang | ५५ | ६९०१००००००००२७०१०००० | १२००० |
| २ | २००५०३०३०१२७६ | Kusuli Maaya Rai | ५५ | ६९०१००००००००३२४१०००० | १२००० |
| २ | २०११०५०३०६९३३ | NIRMALA KATTEL | ८० | ६९०१००००००००११९२१०००० | १२००० |
| ३ | २०६२०६१५०५८२३ | SUJAN TAMANG | ८० | ६९०१००००००००१३३९१०००० | २१२८ |
| १ | २०२४०१०५०३५९५ | Phul Maya Rai | ५४८ | ६९०१००००००००२३३१०००० | ११९७० |
| ५ | २०२४०१०५०३७९३ | Phul Maya Rai | ५४८ | ६९०१००००००००७१५१०००० | ११९७० |
| १ | २०१००५०१०२९४३ | Tika Devi Rai | ५७१ | ६९०१००००००००१९७१०००० | १२००० |
| ३ | २००७०८१००६८७९ | GORE MAN RAI | ५७१ | ६९०१००००००००४७४१०००० | १२००० |
| ३ | २०१५०५०३०२०५४ | Karna Maya Darji | ९४७ | ६९०१००००००००५२११०००० | ७९८० |
| ६ | २००३०२१५०५९३३ | Ful Maya Bishwakarma | ९४७ | ६९०१००००००००७५४१०००० | १२००० |
| २ | २०१००९१२००९७९ | Lok Bahadur Bishwakarma | १२७९ | ६९०१००००००००४२५१०००० | १२००० |
| ३ | २०११०५०३०४९६८ | KHADGA MAYA GHALE | १२७९ | ६९०१००००००००११४२१०००० | १२००० |
| २ | २००४०२०१०४२५३ | Dhan Maya Katuwal | १३२२ | ६९०१००००००००२८०१०००० | १२००० |
| ६ | २०१९०४१५०७८०५ | NETRA KUMARI LIMBU | १३२२ | ६९०१००००००००१२१६१०००० | ७९८० |
| ६ | २०२८०१३०००२८५ | Sita Bishwakarma | १०३००४३५० | ६९०१००००००००८६५१०००० | ७९८० |
| ६ | २०२९१११५०२२९७ | Som Maya Rai | १०३००४३५० | ६९०१००००००००८७३१०००० | ११९७० |
| जम्मा | | | | | १६९९७८ |

## १२२ भुक्तानी प्रतिवेदन

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ को उपदफा २ अनुसार सेवा प्रदायक मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसुची-१२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने उल्लेख रहेको छ । अनुसुची- १२ बमोजिमको भुक्तानी प्रतिवेदन परिक्षण गर्दा देहायबमोजिमको रकम सेवा प्रदायक बैंकबाट फिर्ता गर्नुपर्ने देखिएकोले भुक्तानी प्रतिवेदनमा रहेको लाभग्राहीको नाम र रकम यकिन गरि हालसम्म फिर्ता अथवा REFUND नभएको भए देशायबमोजिमको रकम संघिय संचितकोष दाखिला हुनुपर्ने रकम रु

| वार्ड नम्बर | रकम रु |
|---|---|
| १ | ४६५८६ |
| २ | १९७५८ |
| ३ | ४८१ |
| ४ | १३३३ |
| ५ | १४७१० |
| ६ | २८११४ |
| जम्मा रु | ११०९८२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,९८२ |

## १२३ मृत्यु भएका लाभग्राहीलाई भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९)बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त रिभर्स फिड र ब्याच ईन्ट्रिको नमुना हेरी पालिकाले उपलब्ध गराएको विवरण अनुसार तपसिल बमोजिमको मृत्यु भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैक दाखिला गरेको देखिएकोले सो सम्बन्धमा पालिकाले आवश्यक छानवीन गरि बढी रकम दाखिला भएमा बढी दाखिला भएको रकम असुल गरी केन्द्रीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| क्र.स | लाभग्राहीको नाम थर | व्यक्तिगत परिचय नं. | वडा | बैंक खातानं | फिर्ता रकम | फिर्ता गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | आइत माया लिम्बु | २००५०२१३००८९९ | ६ | ६९०१००००००००७२०१०००० | १२००० | मृत्यु |
| २ | धन बहादुर लिम्बु | १९९७०१०२०३१९४ | ६ | ६९०१००००००००७४११०००० | ६८०३ | मृत्यु |
| ३ | हिमलाल दर्जी | २०१८११०४०११७१ | २ | ६९०१००००००१०५७१०००० | ४६९९ | मृत्यु |
| जम्मा | | | | | २३५०२ | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १२३.१ | आइत माया लिम्बु | १२,००० |
| १२३.२ | धन बहादुर लिम्बु | ६,८०३ |
| १२३.३ | हिमलाल दर्जी | ४,६९९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,५०२ |

## १२४ दोहोरो सुविधा अभिलेख

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन । सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन । आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ ।

## १२५ सामाजिक सुरक्षा फिर्ता बाँकी

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ (३) मा भत्ता वितरणका लागि निकाशा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्राईम कमर्शियल बैकलाई पहिलो र दोस्रो त्रैमासिकमा सामाजिक शुरक्षा भत्ता बापत रु १११९०९५६ र ११३७७३९४ रकम निकाशा दिएकोमा लाभग्राहीको खातामा जम्मा गरेको रकम बाहेक बाँकी रहेको रकम फिर्ता नगरि खर्च गरेको पाईएकोले वितग आ.व. को समेत कार्यालयले छानविन र यकिन गरि यस वर्ष बैंकमा बाँकी रहेको रकम फिर्ता भए नभएका सम्बन्धमा पुन यकिन गरि फिर्ता नभएको भए यकिन गरि फिर्ता गरि संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

| वडा नं | MIS मा पोष्टिङ्ग संख्या | प्रथम त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निकासा | खर्च | फिर्ता | निकासा | खर्च | फिर्ता | निकासा | खर्च | फिर्ता |
| १ | ३२१ | ३०४८१०८ | ३०४५९८० | २१२८ | ३०८९६३६ | ३०४६१४४ | ४३४९२ | ३०४८८८२ | ३०४७९१६ | ९६६ |
| २ | २३२ | २२६४९१४ | २२६४९१४ | ० | २३१४२४० | २२९४४८२ | १९७५८ | २३२३००२ | २३२३००२ | ० |
| ३ | १९५ | १९३७१९० | १९३७१९० | ० | २००५७०२ | २००५७०२ | ० | २०१२३०८ | २०१२३०८ | ० |
| ४ | १०० | १०२३७७६ | १०२३७७६ | ० | १०३४४१६ | १०३३०८३ | १३३३ | १०३५७१६ | १०३५७१६ | ० |
| ५ | ९६ | ९२९३०८ | ९१७३०८ | १२००० | ९५०३९२ | ९५०३९२ | ० | ९५९७६२ | ९५९७६२ | ० |
| ६ | २९१ | १९८७६६० | १९८३५२६ | ४१३४ | १९८३००८ | १९५९०२८ | २३९८० | २००२५४६ | २००२५४६ | ० |
| जम्मा | **1235** | १११९०९५६ | १११७२६९४ | १८२६२ | ११३७७३९४ | ११२८८८३१ | ८८५६३ | ११३८२२१६ | ११३८१२५० | ९६६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,९८२ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सभापोखरी गाउँपालिका, संखुवासभा , सभापोखरी गाउँपालिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Buku Prasad Acharya | २०७९-६-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Hari Kiran Basnet | २०७६-९-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२१७,४५१ | १७,६८१,२४८ | १७,९३०,०७२ | ० | ० | ० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | ३६,८२८,७७१ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | २००,४४३ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | ३६,६२८,३२८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३९४६५७४१.२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१७३४६४४३ | **चालु खर्च** | २०१७८८३९० |
| **प्रदेश सरकारबाट अनुदान** | १२७०७३३८ | **पूँजीगत खर्च** | ९२६७५७१३ |
| **राजश्व बाँडफाँट** | ६४६७८६४५.८२ | **वित्तीय/अन्य व्यवस्था** | ८१२४५८०२.०६ |
| **आन्तरिक आय** | ११६७२७१९ | | |
| **अन्य आय** | ६८८१५९९२ | | |
| **कुल आय** | ३७५२२११३७.८२ | **कुल खर्च** | ३७५७०९९०५.०६ |
| **बाँकी मौज्दात** | | ३८९७६९७४ | |

## बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र.सं. | विद्यालयको नाम ठेगाना | बाल विकास स.का. | प्राथमिक तह | | | निम्न माध्यमिक तह | | माध्यमिक तह | | उच्च माध्यमिक तह | | प्राविधिक धार | | | विद्यालय सहायक | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरवन्दी | राहत अनुदान कोटा | कार्यरत मध्ये करार | स्वीकृत दरवन्दी | राहत अनुदान कोटा | स्वीकृत दरवन्दी | राहत अनुदान कोटा | स्वीकृत दरवन्दी | राहत अनुदान कोटा | प्रशिक्षक | सहायक प्रशिक्षक | ल्याव व्वाइ | | |
| विभिन्न २७ विद्यालय | | १७ | ७८ | १० | | ७ | ७ | १० | १ | २ | २ | २ | २ | | ४ | २८ |

## बेरूजु दफा १०१.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- गाउँपालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी गाउँपालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।